# धार्चे गाउँपालिका

## खानेपानी, सरसफाईतथा स्वच्छता गुरुयोजना

## (Water Supply, Sanitation and Hygiene Master Plan)



**धार्चे गाउँपालिकाको कार्यालय**

**माछीखोला, गोरखा**

२०७६

# मन्तव्य

आधारभूत खानेपानी तथा सरसफाई सम्पूर्ण नागरिकको न्युनतम आवश्यकता र अधिकार हो । २०७२ सालको भुकम्पका कारण खानेपानी र सरसफाईको क्षेत्रमा भएका क्षतीलाई थ्यानमा राख्दै, यस क्षेत्रका पुर्वाधार विकासका लागि मार्गचित्र तयार गर्न र पूरै गाउँपालिकामा खानेपानी र सरसफाईको सेवाविस्तारका लागि यो गुरुयोजना तयार पारिएको छ । समुदायको सहभागितामा तर्जुमा गरेको योजनाले मात्र समुदायका वास्तविक आवश्यकताको पहिचान गर्न सक्दछ । खानेपानी, सरसफाई तथा स्वच्छताको क्षेत्रमा गरिने बाह्य सहयोग वास्तविक आवश्यकता भएको वर्गमा पर्दछ, जसले स्थानीय सरकारको खानेपानी, सरसफाई तथा स्वच्छता योजना तर्जुमा र कार्यान्वियन गर्ने क्षमतालाई अभिबृध्दि गर्न समेत सहयोग पुर्याउँछ । तसर्थ यु.के एडको सहयोग रमट म्याक्डोनल्डसँगको सहकार्यमा गोर्खा जिल्लाको धार्चे गाउँपालिकाको गाउँपालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता रणनीतिक योजना नमूनाको रुपमा तयार गरिएको छ । यस परिप्रेक्ष्यमा खानेपानी, सरसफाई तथा स्वच्छता योजना मार्फत खानेपानी, सरसफाई र स्वच्छताको क्षेत्रमा यस गाउँपालिकामा हालसम्म भएका सुविधाहरुको स्तरोन्नति सबैका लागि खानेपानी र पूर्ण सरसफाईको उद्धेश्य हासिल गर्ने दिशामा यो प्रतिवेदन कोसे दुङ्गा हुने हामी विश्वस्त छौ ।

यो रणनीतिक योजना आगामी दिनमा गाउँपालिका अन्तर्गत सञ्चालन हुने पूर्ण सरसफाई तथा एकिकृत खानेपानी, सरसफाई तथा स्वच्छता कार्यक्रमलाई परिलक्षित गर्दै साझा रणनीतिको रुपमा तर्जुमा गरिएको छ । नेपाल सरकारको समृद्ध नेपाली: सुखी नेपालीको नारालाई आत्मसात गदै दिगो विकास लक्ष्यले तय गरेको सन २०३० सम्म सम्पूर्ण जनतालाईचाहिएजती खानेपानी र सरसफाई सुविधामा पहुँच पुर्याउने लक्ष्य हासिल गर्नका लागि प्रभावकारी पद्धति विकास गर्ने प्रयास हो । यो रणनीतिक योजनाले गाउँपालिका भरिका खानेपानी, सरसफाई तथा स्वच्छताको स्थितिलाई बिश्लेएक गरेको छ ।

अन्त्यमा यो रणनीतिक योजना तयार पार्ने सिलसिलामा आर्थिक तथा प्राविधिक सहयोग गर्ने दातृ निकाय, साझेदार तथा परामर्शदाता संस्थाहरुलाई धन्यबाद दिन चाहन्छु । साथै, यो रणनीतिक योजना अनुमोदन गरी कार्यान्वियन गर्न हामी प्रतिवद्ध छौँ र यसका लागि अन्य सरोकारवाला संघ संस्थाबाट सहयोगका लागि अनुरोध गर्दछौँ ।

धन्यवाद ।

________________

अध्यक्ष,

धार्चे गाँउपालिका तथा खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति,

माछीखोला, गोर्खा ।

मिति :

# सारसंक्षेप

वि. स. २०७२ सालमा गएको भूकम्पका कारण गोरखा जिल्लामा रहेको धार्चे गाउँपालिकामा खानेपानी, सरसफाईतथा स्वच्छता सम्बन्धित पूर्वाधारहरुमा उल्लेखनीय क्षति पुगेको थियो । यसलाई ध्यानमा राखीविकास र समृद्धिको आधारस्तमभ तयार गर्न र पूरै गाउँपालिकामा खानेपानी र सरसफाईको प्रचालितका लागि यो गुरुयोजना तयार पारिएको छ । यस गुरुयोजना निर्माणको निम्ती आवश्यक कार्य विधीतथा प्रकृया अपनाइएको थियो । आवश्यक तथ्याङ्क र सूचनाको संकलनगर्न साविकका र पुराना प्रणालीको अध्ययन गरियो । पुर्णिमा परियोजनासँगको सहकार्यमा सूचनाहरु संकलनका लागी फारमहरु तयार पारियो । त्यसपछि अध्ययन टोलीको छनोट गरी गाउँपालिकामा पहिला कार्यशाला गोष्ठीको आयोजना गरियो । विभिन्न श्रोतबाट तथ्याङ्क संकलन भएपछि अध्ययन टोलीका सदस्यहरुद्वारा त्यस तथ्याङ्कको बिश्लेषण गरियो । यसपछी तयार पारिएको मस्यौदा गुरुयोजनामा छलफल र पूनरावलोकनका निम्ती गाउँपालिका स्तरीय दोस्रो कार्यशाला गोष्ठीको आयोजना गरियो । प्रतिवेदन तयार भैसके पछी यसमा राय, सुझाव संकलन गर्न तेश्रो कार्यशाला गोष्ठीको आयोजना गरियो ।

धार्चे गाउँपालिका साविकका ७ वडा गाँउ विकास समितीहरु (हुलचुक, केरौँउजा, उहिया, लाप्राक, गुम्दा, काशीगाउँ र लापुबेसी) मिलेर बनेको छ । यस गाउँपालिकाको कार्यालय माछीखोलामा रहेको छ । कुल जनसंख्या १३,२२९ र कुल क्षेत्रफल ६५२ वर्ग किलोमिटर रहेको यस गाउँपालिकामा ३,१२८ घरधुरी र हरेक घरधुरीमा औसत ४ सदस्य रहेका छन् । यस गाउँपालिकामा २७ वटा विद्यालयहरु रहेका छन् भने साक्षर पुरुषको (७७ %) दाँजोमा साक्षर महिलाको (६३ %) सङ्ख्या कम रहेको देखिन्छ । यो गाँउपालिकामा स्वास्थ्थ सेवा प्रदान गर्ने ११ वटा स्वास्थ्य संस्था रहेका छन् ।

धार्चे गाउँपालिकामा फोहोरमैला व्यवस्थापन र फोहोर पानीको निकास गर्ने कार्यमा केही समस्या रहेता पनि स्तिथि वडा खुल्ला दिसामुक्त क्षेत्र घोषणा भैसकेका छन् । स्वच्छताका सुचक हेर्दा खानेकुरा स्वच्छता स्तिथि (९९.०२%) सबै भन्दा संतोषजनक पाइयो भने साबुनपानीले हात धुने अवस्थामा (५८.८४%) भने सुधार ल्थाउनु जरुरी देखिन्छ । घरधुरीमा खानेपानी प्रशोधन स्तिथिमाकमी भने यहाँका बासिन्दामा खानेपानी प्रतीको संतुष्टी नभएको पाइयो । कुल ९३ प्रतिशत घरमा चर्पीको व्यवस्था भएको धार्चे गाउँपालिकाको वडा नं ३ मा खाल्डे चर्पीको लोकप्रियता बढी देखिएता पनि अन्य वडामा आधुनिक चर्पीको प्रयोग अधिक देखियो । यहाँका केही विद्यालयहरुमा छात्र-छात्रा मैत्री चर्पीको र सुरक्षित पानी उपलब्धताको प्रबन्ध मिलाउनु धेरै नै जरुरी देखिन्छ ।

प्राकृतिक एवं मानव सिर्जितकारणले पानीका श्रोत तथा मुहानमा असर परेकोले खानेपानीको उपलव्धतामा कमी भइरहेको अवस्थामा यस गाउँपालिकामा संभाव्य र मौजुदा गरी ५१ वटा श्रोत फेला परेका छन् । जस मध्ये ३५ वटा हाल प्रयोगमा आइरहेका श्रोत हुन् भने १६ प्रस्तावित खानेपानीका श्रोत रहेका छन् । यहाँ विद्यमान ३५ वटा खानेपानी प्रणाली छन् जस मध्ये १२ वटा पूर्ण रुपमा सन्चालित, ९ वटा अर्ध रुपमा सन्चालित र १४ वटा पूर्ण रुपले सन्चालनमा नआएका परियोजना छन् । वडा नं ३

(उहिया) मा सबैभन्दा धेरै खानेपानी प्रणाली रहेका छन् । विद्यमान खानेपानी प्रणालीको अध्ययन गर्दा धेरै प्रणालीहरु पूर्ण रुपमा सन्चालनमा नआएको र सन्चालनमा रहेका प्रणालीको 'एक घर एक धारा' अवधारणा अन्तर्गत पर्याप्त मात्रामा खानेपानी नपुगेको अवस्था भेटियो । सेवा नपुगेका जनसंख्याका लागि अनुमानित ६ करोड ४४ लाख २० हजार लगानीमा जम्मा १५ वटा परियोजना प्रस्तावित गरिएका छन् जसले १,२८९ जना उपभोक्तालाई लाभान्वित गराउने लक्ष्य बोकेको छ । त्यसैगरी खानेपानी आयोजनाको स्तरोन्नतीका निम्ती ६ करोड ५० लाख लगानीमा २६ पुर्न:स्थापना गर्नुपर्ने परियोजना प्रस्तावित गरिएका छन् जसले १,५७४ जना उपभोक्तालाई लाभान्वित गराउने लक्ष्य बोकेको छ ।

निर्धारित लक्ष्यलाई पुरा गर्न खानेपानी तथा सरसफाईका निम्ती विभिन्न प्राथमिकिकरण नीती तयार पारिएको भएता पनि भौगोलिक कठिनाइ, भुकम्पजस्ता विपद जोखिम तथा सरसफाई तर्फको कमजोर जडमानसिकताले यस योजनालाई केही चुनौती दिइरहेको देखिन्छ । यस अवस्थामा गाउँपालिका भित्रै रहेका सरोकारवाला संस्था (गाउँपालिका खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति, विद्यालय ,संचारकर्मी, उपभोक्ता समिति, महिला स्वास्थ्य स्वयंसेविका र स्वास्थ्य कार्यकर्ता आदी) ले खानेपानी, सरसफाई तथा स्वच्छताको क्षेत्रमा आफ्नो स्तरबाट पुर्याउने सहयोगले यस गुरुयोजनाको मुल मर्मलाई समेट्ने साथर्क हुने विश्वाश गरिएको छ ।

# EXECUTIVE SUMMARY

Due to the earthquake 2072, the Dharche Rural Municipality (RM) of the Gorkha district has suffered significant damage in the infrastructural sector of drinking water, sanitation and hygiene. Keeping this in mind, this master plan has been designed to prepare a roadmap for infrastructure development in the area and to collect the necessary data for the extension of services throughout the RM. A detailed method was adopted for the designation of this master plan, including the study of old plans; preparation of forms for data collection in collaboration with Mott McDonald; formation of study teams, establishment of local level workshop; data collection, statistical analysis, discussion on draft wash master plans, conducting a day local-level workshop for review and the approval of final wash master plan from the RM representatives.

Dharche RM is composed of 7 wards (Hulchuk, Keraunja, Uhiya, Laprak, Gumda, Kashigaun and Lapubesi). The headquarter of this rural municipality lies in Machhikhola market. The total population of this RM is 13,229 and the total area is 652 sq km. The RM has a total 3,128 households and an average of 4 members per household. There are 27 schools in this RM and the proportion of literate men (77%) appears to be higher than the proportion of literate women (63%). There are 11 health stations providing the general and specialized treatment facilities.

All the wards have been declared open defecation free zones even though there are some problems regarding the management of waste and wastewater in this area. Looking at the area of six-key hygiene ,message, the status of food hygiene status is found satisfactory (99.02%) while handwashing status (58.84%) needs to be improved in all wards.Regarding the use of latrines, 93% of total households had facilities of latrines.Although, people in ward no. 3 seem to favour traditional toilets, the proportion of modern toilets are higher in other wards. For some schools of this RM, the presence of gender-friendly toilets and the provision of clean drinking water is urgently needed.

A total 51 drinking water sources have been found in Dharche of which 35 are currently in use and 16 are the proposed source of drinking water. There are 35existing water distribution projects out of which 12are fully operational, 9 are partially operational and 14 schemes fully need to be repaired. The largest number of drinking water projects (i.e, 11) exist in Ward No 3 (Uhiya).

Regarding the existing drinking water schemes, many projects are not fully operational and the projects under operation are not found to be providing enough water supply as per onehouse and onetap concept. Thus, a total of 15new projects have been proposed for unserved population with an estimated investment of  64.4 million, which aims to serve population of 1,289. Similarly, 26rehabilitation projects have been selected for the distribution of drinking water with an estimated investment of 65 million, which aims to serve population of 1,574. Although various prioritization policies have been formulated for drinking water and sanitation to meet these goals, constrains like geographical difficulties, disaster risk such as earthquake and lack of public awareness towards sanitation seem to be challenging this scheme. In this case, the genuine support from the concerned authorities (RM Water Supply, Sanitation and Sanitation Coordination Committee, School, Communication Workers, Consumers Committee, Women's Health Volunteers and Health Workers) are believed to help achieving the master plan’s goal.

# विषय सूचि


मन्तव्य ........ १
सारसंक्षेप ........ २
EXECUTIVE SUMMARY ........ ४
१. परिचय ........ १०
१.१ परिभाषा ........ १०
१.२ प्रतिवेदनको उद्देश्य तथा समेटिएका क्षेत्र ........ ११
१.३ प्रतिवेदन तयारी विधी एवं प्रकृया ........ १२
१.४ अध्ययनको सीमा ........ १३
२.सामाजिक आर्थिकविवरण ........ १४
२.१.स्थान तथा पहुँच ........ १४
२.२ भू–धरातल सम्बन्धी विवरण ........ १६
२.३ भु–उपयोगको विवरण ........ १६
२.४ जनसांख्यिक विवरण ........ १७
२.५ समग्र शैक्षिक स्थिति ........ १८
२.६ स्वास्थ्य सेवाको वर्तमान स्थिति ........ २१
२.७ जनप्रतिनिद्यी तथा कमचारीको विवरण ........ २३
३. खानेपानी तथा सरसफाईको विद्यमान स्थिति ........ २४
३.१ पानीको स्रोतहरूको सूची ........ २५
३.२ सामुदायिक खानेपानीको वर्तमान स्थिति ........ २५
३.३ सरसफाई तथा स्वच्छताको वर्तमान स्थिति ........ २६
३.३.१ सरसफाईको स्थिति ........ २६
३.३.२ स्वच्छता स्थिती ........ २७
३.४ विद्यालयमा खानेपानी र सरसफाईको अवस्था ........ २८
३.५ खानेपानी प्रणालीको प्राथमिकता ........ ३१
४. योजना छनौट र लागत इस्टिमेट ........ ३२
४.१ सेवा विहिन स्थानकालागी खानेपानी योजना ........ ३२
४.२ पुर्नःस्थापना गर्नुपर्ने आयोजना ........ ३४
४.३ सार्वजनिक शौचालय, फोहोरमैला व्यवस्थापन र ढल निकास तथा भलपानी व्यवस्थापन ........ ३७

४.४ सेवा नपुगेको र संकटासन्न जनसंख्याका लागी योजना ........ ३७

४.५ प्राथमिकीकरण रणनीति ........ ३९

५. योजना कार्यान्वयन, अनुगमन र अद्यावधिकिकरण ........ ४१

६. सरोकारवालको भूमिका ........ ४३

७. सर्वसुलभ खानेपानी र पूर्णसरसफाईका सूचकहरु ........ ४८

८. खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति ........ ५२

८.१ गाँउपालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समिति काम, कर्तव्य र अधिकार ........ ५२

८.२ वडास्तरी खानेपानी,सरसफाई तथा स्वच्छता व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार ........ ५२

८.३ खानेपानी, सरसफाई तथम स्वच्छता समन्वय समिति ........ ५३

९. प्रमुख सझाव ........ ५४

१०. निचोड ........ ५५

१०. अनुसूचि ........ ५७

अनुसूचि १: पानीका श्रोतहरुको विस्तृत जानकारी ........ ५७

अनुसूचि २: सामुदायिक खानेपानी परियोजनाका विवरण ........ ६८

अनुसूचि ३ : निजि धारा वितरण भएका खानेपानी प्रणालीहरुको विवरण ........ ७२

अनुसूचि ४ : चर्पी भएका विद्यालयहरुका सूचि ........ ७३

अनुसूचि ५: सेवा नपुगेका जनसंख्याका निम्ती नयाँ परियोजनाका विवरण ........ ७५

अनुसूचि ६: विद्यमान खानेपानी परियोजनाको पुनःस्थापना ........ ७८

अनुसूचि ७: परियोजनाका विस्तृत विवरण ........ ८२

अनुसूचि ८ : गाउँपालिकाका वडा ........ ९७

# चित्र सूचि


चित्र नं १ : अपनाइएको प्रक्रिया तथा विधि........................................................ १२
चित्र नं २ : गाउँपालिकाको नक्शा ................................................................ १५
चित्र नं ३ : भु-उपयोगको विवरण.................................................................. १७
चित्र नं ४ : विद्यालय विवरण ..................................................................... २०
चित्र नं ५ : स्वास्थ संस्था विवरण.................................................................. २२
चित्र नं ६: खानेपानीका विद्यमान तथा प्रस्तावित परियोजना.........................................२४

चित्र नं ७ : झ्लानचेट प्रस्तावित परियोजना ....................................................... ८२
चित्र नं ८ : बि. क. बस्ती प्रस्तावित परियोजना.................................................. ८३
चित्र नं ९ : डोङ्गाङ प्रस्तावित परियोजना........................................................ ८४
चित्र नं १० : काशिगाँउ प्रस्तावित परियोजना .....................................................८५
चित्र नं ११ : केराबारी प्रस्तावित परियोजना ...................................................... ८६
चित्र नं १२ : खानी गाउँ प्रस्तावित परियोजना ....................................................८७
चित्र नं १३ : लाकपाल प्रस्तावित परियोजना ..................................................... ८८
चित्र नं १४ : लामाबेसी प्रस्तावित परियोजना.....................................................८९
चित्र नं १५ : लापु प्रस्तावित परियोजना ..........................................................९०
चित्र नं १६ : वित परियोजनालापुबेसी प्रस्ता...................................................... ९१
चित्र नं १७ : माछीखोला प्रस्तावित परियोजना ................................................... ९२
चित्र नं १८ : सिल्लासित प्रस्तावित परियोजना.................................................... ९३
चित्र नं १९ : सिरान गाउँ प्रस्तावित परियोजना...................................................९४
चित्र नं २० : थाती प्रस्तावित परियोजना.......................................................... ९५
चित्र नं २१: यारु प्रस्तावित परियोजना ........................................................... ९६
चित्र नं २२ : वडा १ .................................................................................. ९७
चित्र नं २३ : वडा २...................................................................................९८
चित्र नं २४ : वडा ३ ..................................................................................९९
चित्र नं २५ : वडा ४.................................................................................. १००
चित्र नं २६ : वडा ५..................................................................................१०१
चित्र नं २७ : वडा ६ ................................................................................. १०२
चित्र नं २८ : वडा ७ ..................................................................................१०३

# तालिका सूचि


तालिका नं १ : भू–धरातलको विवरण ........................................................................ १६
तालिका नं २ : भु-उपयोगको विवरण ........................................................................ १६
तालिका नं ३ : विवरण जनसंख्यिक ........................................................................ १८
तालिका नं ४ : विद्यार्थीर्को विवरण ........................................................................ १८
तालिका नं ५ : तह अनुसार विद्यार्थी संख्या ........................................................................ १९
तालिका नं ६ : स्वास्थ्य सम्बन्धी विवरण ........................................................................ २१
तालिका नं ७ : गाउँ कार्यपालिकाका जनप्रतिनिद्यीहरूको विवरण ........................................................................ २३
तालिका नं ८ : गाउँ कार्यपालिकाका कर्मचारीहरूको विवरण ........................................................................ २३
तालिका नं ९ : पानीका स्रोतहरूको सूचि ........................................................................ २५
तालिका नं १० : वर्तमान अवस्था खानेपानी सेवा पहुँचको ........................................................................ २६
तालिका नं ११ : खुला दिसा मुक्त क्षेत्र घोषणा भएको अवस्था ........................................................................ २७
तालिका नं १२ : स्वच्छता स्थिती........................................................................ २७
तालिका नं १३ : चर्पी निमार्णको अवस्था ........................................................................ २८
तालिका नं १४ : खानेपानी तथा सरसफाईको व्यवस्था भएका विद्यालयका जानकारी ........................................................................ २९
तालिका नं १५ : विद्यमान खानेपानी परियोजनाको पुर्नःस्थापना........................................................................ ३१
तालिका नं १६ : नयाँ खानेपानी परियोजना ........................................................................ ३२
तालिका नं १७ : पुर्नःस्थापनाका परियोजना........................................................................ ३४
तालिका नं १८ : सेवा नपुगेको र संकटासन्न जनसंख्याका लागी नयाँ खानेपानी योजना ........................................................................ ३७
तालिका नं १९ : सरोकारवालको भूमिका........................................................................ ४३
तालिका नं २० : समन्वय समितिको ........................................................................ ५३
तालिकानं २१ : धार्चे गाँउपालिकाका पानीका श्रोतहरुको ........................................................................ ५७
तालिका नं २२ : सामुदायिक खानेपानी परियोजनाका विवरण ........................................................................ ६८
तालिका नं २३ : निजि धारा वितरण भएका खानेपानी प्रणालीहरुको विवरण........................................................................ ७२
तालिका नं २४ : चर्पी भएका विद्यालयहरुका सूचि ........................................................................ ७३
तालिका नं २५ : सेवा नपुगेका जनसंख्याका निम्ती नयाँ परियोजनाका विवरण ........................................................................ ७५
तालिका नं २६ : विद्यमान खानेपानी परियोजनाको पुर्नःस्थापनाका विवरण ........................................................................ ७८

# १. परिचय

विगतका केही दशकमा नेपालका ग्रामिण क्षेत्रका खानेपानी र सरसफाईको क्षेत्रमा उल्लेखनीय प्रगति भएको छ तर २०७२ सालको भूकम्प र त्यसपछि गएका पराकम्पहरूका कारण गोरखा लगायत अन्य केही जिल्लाहरुका जनजीवन तथा आर्थिक अवस्थामा ठूलो प्रभाव पर्नुका साथै खानेपानी, सरसफाई तथा स्वच्छताको सेवा दिने पुर्वाधारमा पनि उल्लेखनीय क्षति भएको थियो। विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूले यी जिल्लाहरूमा भूकम्प प्रभावित बासिन्दालाई पुनर्वास र पुर्नःनिर्माण गतिविधी मार्फत सहयोग पुऱ्याइरहेको सन्दर्भमा खानेपानी सरसफाई तथा स्वच्छताको पुर्वाधारमा टेवा पुऱ्याउने लक्ष्यले यस गुरुयोजनाको अवधारणा अघि सारीएको छ।

## १.१ परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "सरसफाई" भन्नाले मानव मलमुत्रको सुरक्षित बिसर्जनका लागि सेवा र सुविधाहरुको उचित व्यवस्था भन्ने बुझिन्छ। यसले फोहोरमैला संकलन र फोहोर पानीको विसर्जन मार्फत स्वच्छता कायम गर्ने कार्यलाई पनि समेट्छ। जनस्वास्थ्य प्रवर्द्धनका लागि गरिएका विभिन्न कृयाकलापहरुको समग्र कार्य नै सफाइ हो।

ख) "स्वच्छता" आफू र वरिपरिको वातावरण सफा गरी रोगको विस्तार रोक्नु र बिरामी हुनबाट बच्न अपनाइने सम्पूर्ण व्यवहारहरुलाई समेट्छ। स्वच्छताले व्यक्ति र समुदायको स्वस्थ आनीबानी समेतलाई जनाउँछ।

ग) "सफा र स्वच्छ अवस्था" भन्नाले सफा र स्वच्छ चरणका सूचकहरु पुरा गरेपछि सम्बन्धित समितिबाट अनुमोदन एवं प्रमाणीकरण भएको अवस्थालाई जनाउँछ।

घ) "पूर्ण सरसफाइ उन्मुख अवस्था" भन्नाले यस गुरुयोजनामा उल्लेखित सफा र स्वच्छ पूर्ण सरसफाइ उन्मुख दुवै चरणका सूचकहरु पुरा गरेपछि सम्बन्धित समितिबाट अनुमोदन एवं प्रमाणीकरण भएको अवस्थालाई जनाउँछ।

ङ) "सार्वजनिक शौचालय" भन्नाले सार्वजनिक स्थानमा हिंडडुल गर्ने जो कोही व्यक्तिले प्रयोग गर्न सक्ने प्रयोगकर्ता-मैत्री शौचालयलाई बुझाउँछ।

च) “संस्थागत शौचालय” भन्नाले विद्यालय, कार्यालय, स्वास्थ्य संस्था जस्ता सार्वजनिक निकायहरुमा निमार्ण गरिएका प्रयोगकर्ता-मैत्री शौचालयलाई बुझाउँछ ।

छ) “सामाजिक समावेशीकरण” भन्नाले समुदायका सबै लिङ्ग, जात, जाति, वर्ग, धर्म, व्यवसाय र सबै क्षेत्रका व्यक्तिको योजना तर्जुमा र निर्णय प्रक्रिया र सेवा सुविधामा पहुँच रहेको अवस्था बुझाउँछ ।

ज) “विपद् व्यवस्थापन” भन्नाले बाढी-पहिरो, आगलागी, भूकम्प र रोगव्याधि जन्य महामारी जस्ता प्राकृतिक एवं मानव सृजित विपद् सम्बन्धी पूर्व तयारी, उद्धार, पुर्नलाभ, पुनर्स्थापना र पुर्न:निर्माण व्यवस्थापनको समष्टिगत व्यवस्थापनको समष्ठिगत व्यवस्थालाई बुझाउँछ ।

झ) “प्रयोगकर्ता-मैत्री खानेपानी, सरसफाई र स्वच्छताका सुविधाहरु” भन्नाले शारीरिक रुपले असक्षम र अपाङ्गता भएका बालबालिका तथा जेष्ठ नागरिक आदि सबैलाई प्रयोग गर्न सजिलो हुने प्रयोगकर्ता-मैत्री सुविधाहरुलाई बुझाउँछ ।

ञ) “बानी व्यवहार विकास” भन्नाले शौचालयको प्रयोग, साबुन पानीले हसत धुने, महिलाको महिनावारी व्यवस्थापन लगायत अन्य सरसफाइ र स्वच्छता सम्बन्धी आनीबानीको निरन्तर प्रक्रियालाई बुझाउँछ ।

ट) “दिगो सरसफाइ” भन्नाले स्वचालित र नियमित रुपमा संचनलित सरसफाइलाई बुझाउँछ ।

ठ) “सुरक्षित पानी” भन्नाले मानव स्वास्थ्यलाई हानी गर्ने भौतिक, जैवीक र रसायनिक पदार्थहरु नरहेको खानेपानीलाई बुझाँउछ ।

ड) “सरोकारवाला” भन्नाले सरकारी, गैरसरकारी कार्यालय तथा निकाय, राजनीतिक दल, विद्यालय, सहकारी, निजीक्षेत्र, नागरिक समाज, सञ्चार क्षेत्र, उपभोक्ता समितिहरु लगायतका सरोकारवालाहरुलाई बुझाउँछ ।

## १.२ प्रतिवेदनको उद्देश्य तथा समेटिएका क्षेत्र

खानेपानी आपूर्ति, सरसफाई र स्वच्छता जस्ता आधारभूत सेवा प्रवाह गर्ने पूर्वाधारको समग्र विकास गर्नका लागि मार्गचित्र तयार गर्नु र यी पुर्वाधारको हिसाबमा पुरै गाउँपालिकामा सेवा विस्तार गर्नका लागि आवश्यक तथ्याङ्क संकलन गर्नु नै यो अध्ययनको मूल उदेश्य रहेको छ ।

कार्य सूचिमा उल्लेख भए अनुसार,यस अध्ययनको दायरा तथा कार्यक्षेत्र निम्न रहेका छन्:

- गाउँपालिकामा कम्तीमा तीन वटा गुरुयोजना सम्बन्धी कार्यशाला गोष्ठीको आयोजना गर्ने ।
- जनसंख्या, आर्थिक अवस्था, शिक्षा र स्वास्थ्यसँग सम्बन्धित द्वितिय श्रोतबाट उपलब्ध हुने तथ्याङ्क संकलन गर्ने ।
- उपलब्ध खानेपानीको स्रोतहरुको पहिचान गरी सुख्खा याममा श्रोतको वाहव मापन गर्ने ।
- समुदायहरू, विद्यालयहरू र अन्य संस्थाहरूका लागि उपलब्ध सुविधाहरूका विवरण तयार पार्ने ।
- 'एक घर एक धारा' को अवधारणा लागु गर्ने दिशामा कार्य योजना बनाउने ।
- खुला दिसामुक्त क्षेत्र, स्वच्छता व्यवहार र प्रचलित ६ वटा सूचकहरु – शौचालयको प्रयोग, साबुन पानीले हात धुने, महिनावारी स्वच्छता व्यवस्थापन, खाद्यस्वच्छता, घरमा पानीको उपचार तथा फोहोर व्यवस्थापन विषयमा तथ्याङ्क संकलन गर्ने ।
- परियोजना समबन्धित अनुमानित लागतको आंकलन गर्ने तथा प्राथमिकता निर्धारण गर्ने ।

## १.३ प्रतिवेदन तयारी विधी एवं प्रकृया

यस प्रतिवेदनमा समेटिएको खानेपानी सरसफाई तथा स्वच्छता गुरुयोजना तयारीको लागि चित्र नं १ मा देखाए बमोजिको प्रक्रिया तथा विधि अपनाइएको थियो ।

| | |
|---|---|
| **चरण ९** | अन्तिम गुरु योजना तयारी र गाउँपालिकाबाट अनुमोदन |
| **चरण ८** | मस्यौदा योजनामा छलफल र पूनरावलोकन गर्न १ दिने गाउँपालिका स्तरीय कार्यशाला गोष्ठी |
| **चरण ७** | मस्यौदा गरु योजना तयारी |
| **चरण ६** | तथ्यांक बिश्लेषण |
| **चरण ५** | गाउँपालिकाको वडा स्तरीय तथ्याँक संकलनगाउँपालिका स्तरीय कार्यशाला गोष्ठी |
| **चरण ४** | गाउँपालिका स्तरीय कार्यशाला |
| **चरण ३** | अध्ययन टोलीको निर्माण |
| **चरण २** | तथ्यांकहरु र सूचनाहरु संकलनको लागि संयन्त्रको निर्माण |
| **चरण १** | आवश्यक तथ्यांकहरु र सूचनाको संकलन |

*चित्र नं १: अपनाइएको प्रक्रिया तथा विधि*

आवश्यक तथ्याङ्क र सूचनाहरुको संकलनका निम्ती सर्वप्रथम नजिकैका गाउँपालिकाहरुमा भएका गुरुयोजना र यी क्षेत्रमा भएका आवधिक योजनाहरुको अध्ययन र समीक्षा गरियो । यु. के. एडसँगको सहकार्यमा सम्बन्धित संघसंस्थाबाट तथ्यांक र सूचनाहरु संकलनकालागी फारमहरु तयार पारिएको थियो । त्यसपछि अध्ययन टोलीको गठन गरियो र गाउँपालिका स्तरीय कार्यशाला गोष्ठीको आयोजना गरियो । स्थलगत सर्वेक्षक विभिन्न श्रोतबाट तथ्याङ्क संकलन भएपछि कार्यदलका सदस्यहरुद्वारा त्यस तथ्याङ्कको बिश्लेषण गरियो । त्यस पश्चात बनाइएको मस्यौदा गरुयोजनामा छलफल र पूनरावलोकनका निम्तीएक दिने गाउँपालिका स्तरीय कार्यशाला गोष्ठीको आयोजना गरियो । अन्तयमा अन्तिम प्रतिवेदनमा उल्लेखनीय सुधार गरी गाउँपालिकाबाट अनुमोदन गरीयो ।

## १.४ अध्ययनको सीमा

खानेपानी सरसफाई तथा स्वच्छता गुरुयोजना,धार्चे गाउँपालिकामा खानेपानीर सरसफाईका पुर्वाधारका विकासको निम्ति पूर्णरुपमा सहयोगी हुने अपेक्षा राखिएको भएता पनि यसका केही सीमा रेखाहरु रहेका थिए । यस रणनीतिक योजनाको आधारमा जति पनि खानेपानी योजनाहरु प्रस्तावित छन्, ती योजनाहरु सबै कार्यान्वयन नहुन पनि सक्छन् । कतिपय योजनाहरु सहज तरिकाले कार्यान्वयनमा ल्याउन सकिने हुन्छ भने कतिपय योजनाहरु आर्थीक स्रोत, मानविय स्रोत र अन्य प्राविधिक कठिनाईका कारणले कार्यान्वयन गर्न सम्भव नहुन सक्छन् । बसाइँसराइ र अन्य क्षेत्रमा भएका जिविको पार्जनका अवसरहरुको सिर्जनाका कारण गुरुयोजनाले समेटेका क्षेत्रमा जनसंख्या घट्ने क्रममा रहेको हुँदा केही वर्षपछि कुनैस्थानमा खानेपानी पूर्वाधारको आवश्यकता अहिलेको तुलनामा कम हुनसक्ने देखिन्छ । संभावित सिमिततालाई मध्यनजर राख्दै, खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी बानी व्यवहार परिवर्तनमा सकारात्मक रुपमा सफलता हासिल गर्नका लागी गाउँपालिकामा रहेका सरोकारवाला संघसंस्थाहरुले सबै सम्बन्धित निकायसँग समन्वय र सहकर्यका गर्दै स्थानिय स्रोत साधनको पहिचान गर्न सकेमा खानेपानी सरसफाई तथा स्वच्छताको दीगो विकासमा सहयोग पुग्ने विश्वास गरिएको छ ।

# २.सामाजिक आर्थिकविवरण

## २.१.स्थान तथा पहुँच

गण्डकी प्रदेशको गोर्खा जिल्ला अर्न्तगत रहेको धार्चे गाउँपालिका २०७३ साल, फाल्गुन २७ गतेका दिन संघीय सरकारको एक स्थानीय ईकाईको रूपमा स्थापित भएको थियो । यस गाउँपालिकाको मुख्यालय माछीखोलामा अवस्थित छ । यस गाउँपालिकाको पूर्वमा धादिङ जिल्लाको रुबी भ्याली गाउँपालिका अन्तरगत वडा ५ र ६ र चीनको स्वशासित क्षेत्र तिब्बत, पश्चिममा सुलिकोट गाउँपालिका वडा १, उत्तरमा चुमनुब्री गाउँपालिका वडा ३ र ७ तथा अरुणत गाउँपालिका र दक्षिणमा धादिङ्ग जिल्लाको आरुघाट अर्न्तगत वडा १,३ र ४ पर्दछन् । हुलचुक, केराउनजा, उहिया, लाप्राक, गुम्दा, काशीगाउँ र लापुबेसी वार्ड मिलेर यो गाउँपालिकाको निर्माण भएको छ । सबै भन्दा ठूलो क्षेत्रफलवडा नं १ को केराउनजा (७-९) रहेको छ जसको क्षेत्रफल वर्ग कि. मी ३०० रहेको छ । चित्र नं २ मा धार्चे गाउँपालिकाको नक्शा देखाइएको छ ।

यस गाउँपालिकाको कार्यालयबाट सबै वडाहरूमा पुग्नका लागि कच्ची बाटोको निर्माण भइसकेको छैन । प्रशिद्ध मनास्लु हिमाल तथा गणेश हिमालसम्म पुग्नकालागि पदमार्गको निर्माण गरिएको छ । पदमार्गले यारुबगरदेखि गणेश हिमाल भएर चुमनुब्री गाउँपालिका पुग्ने पदमार्ग र लाप्राकदेखि सासिङ, मेम्ची, लिस्पारा, करङ मालकुन्ती, तेर्सेवङ, निसराङ छो हुँदै उहिया गाउँ जाने पदमार्ग गाउँपालिकाको पहलमा निर्माण भएका हुन् । भुकम्पबाट क्षति भएका पदमार्गको पुनःनिर्माणमा विश्व खाद्य कार्यक्रम लगायत अन्य संघ संस्थाले सहयोग गरेको छ । यस गाउँपालिकाको वडा नं ३ को खोर्लाबिसी, वडा नं ४ को लाप्राक वडा नं ५ को गुम्दा, माछीखोला, लब्सीबोट, याम्गाउँ, र सिङ्गला, वडा नं ६ को काशीगाउँ, वडा नं ७ को लापुबेसी तथा लापुगाउँलाई मोटर बाटोको ट्र्याक खोलिएको छ । यस गाउँपालिकाको हालको केन्द्र माछीखोलाबाट आरुघाट बजारसम्मको दुरी ३० कि.मी. र लाप्राक बारपाक हुँदै गोरखा सम्मको दुरी अन्दाजी ९० कि.मी रहेको छ ।




*चित्र नं २: गाउँपालिकाको नक्शा*

## २.२ भू-धरातल सम्बन्धी विवरण

टोपोग्राफिक नक्सा सर्वे विभागका अनुसार यस गाँउपालिकाको भु-धरातललाई विभाजन गर्दा ५ डिग्री भन्दा कम भिरालोपना भएको १.२९ प्रतिशत, ५ देखि १५ डिग्रिसम्म भिरालोपना भएको ४.०२ प्रतिशत रहेको छ। सबैभन्दा बढी ४९.१४ जमिन ३० देखि ४५ डिग्रि सम्म भिरालो भएको पाइन्छ। यस सम्बन्धी थप विवरण देहायको तालिकामा दिइएको छ। यस गाउँपालिकाको भू-धरातलको विवरण तालिका नं १ मा दिइएको छ।

*तालिका नं १: भू-धरातलको विवरण*

| क्र.स. | भिरालोपना | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|---|
| १ | ५ डिग्री भन्दा कम | ८४३.६६ | १.२९ |
| २ | ५ देखि १५ डिग्रि सम्म | २६२५.१२ | ४.०२ |
| ३ | १५ देखि ३० डिग्रि सम्म | १६४७६.०३ | २५.२२ |
| ४ | ३० देखि ४५ डिग्रि सम्म | ३०२३३.७९ | ४६.२७ |
| ५ | ४५ डिग्री भन्दा माथि | १५१५९.५५ | २३.२० |
| **जम्मा** | | **६५३३८.१५** | **१००.००** |

## २.३ भु-उपयोगको विवरण

धाचे गाउँपालिकाको भु-उपयोगलाई वर्गीकरण गर्दा वन जङ्गलले ढाकेको जमिन ३६.६७ प्रतिशत, कृषियोग्य जमिन ९.८३ प्रतिशत र पानीले ढाकेको जमीन ०.१७ प्रतिशत रहेको छ। यस गाउँपालिकाको वडा १ को धेरै जमिन बाँझो तथा खेतीका लागि अयोग्य रहेको देखियो। यस सम्बन्धी थप साङ्खिक विवरण तालिका नं २ मा दिइएको छ भनेसो विवरणको चित्राङ्कन चित्र नं ३ मा गरिएको छ।

*तालिका नं २: भु-उपयोगको विवरण*

| भु-उपयोग | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|
| वनजंगलले ढाकेको भुभाग | २३९५७.५८ | ३६.६७ |
| कृषियोग्य जमिन | ६४२०.२८ | ९.८३ |
| पानीले ढाकेको भाग | ११३.९८ | ०.१७ |
| चट्टान | २४९.८७ | ०.३८ |
| हिउँले ढाकेको भुभाग | १६५५.५४ | २.५३ |
| अन्य | ३२९४०.३५ | ५०.४२ |
| **जम्मा** | **६५३३७.६०** | **१००** |

श्रोतःधार्चे आवधिक योजना,२०७६




*चित्र नं ३: भु-उपयोगको विवरण*

## २.४ जनसांख्यिक विवरण

यस गाउँपालिकाको बृस्तित जनसांख्यिक जानकारी तालिका नं ३ मा देखाइएको छ । सन् २०६८ सालको जनगणना अनुसार यस गाउँपालिकाको कुल जनसंख्या १३,२२९ रहेको छ भने कुल क्षेत्रफल ६५२ वर्ग किलोमिटर रहेको छ । यस गाउँपालिकाको घनत्व प्रति वर्ग कि.मि २०.३६ रहेको छ । हरेक घरधुरीमा औसत ४ सदस्य रहेको पाइन्छ । वडा नं ५ मा सबैभन्दा धेरै जनसंख्या रहेको छ भने कुल जनसंख्यामा पुरुषको तुलनामा महिलाको संख्या अधिक भएको पाइएको छ ।

*तालिका नं ३: जनसंख्यिक विवरण*

| वडा नं | वडाको नाम | घरधुरी | जनसंख्या | पुरुष | महिला |
|---|---|---|---|---|---|
| १ | हुलचुक | १९२ | ७८३ | ३५६ | ४२७ |
| २ | केराउनजा | ५८१ | २४६५ | ११०३ | १३६२ |
| ३ | उहिया | ४७ | १८५७ | ८२३ | १०३४ |
| ४ | लाप्राक | ५२९ | २१६१ | ९७२ | ११८९ |
| ५ | गुम्दा | ५३५ | २३०३ | १०६१ | १२४२ |
| ६ | काशीगाउँ | ४१४ | १८३७ | ८६० | ९७७ |
| ७ | लापुबेसी | ४५० | १८२३ | ८०२ | १०१ |
| | **जम्मा** | **३१२८** | **१३२२९** | **५९७७** | **७२५२** |

*श्रोतः १: जनगणना २०६८, केन्द्रिय तथ्याङ्क विभाग

## २.५ समग्र शैक्षिक स्थिति

यस गाउँपालिकामा रहेका घरधुरी मध्य १० प्रतिशत घरधुरीहरु तथा ६५७ उत्तरदाताहरुबाट प्राप्त तथ्याङ्क अनुसार शिक्षित महिला र पुरुषको सङ्ख्या उस्तै रहेको पाइएको छ । यो तथ्याङ्क तालिका नं ४ मा उल्लेख गरिएको छ । स्नातक तहमा भने पुरुषको संख्यामा देखिएको गीरावटले पुरुषहरुमा सहरी क्षेत्रमा आइ स्नातक वा सो भन्दा माथि अध्ययन गर्ने तथा वैदेशीक रोजगारीका लागी पलायन हुने कुराको चित्रण गर्दछ ।

*तालिका नं ४ : विद्यार्थीको विवरण*

| क्रसं | शिक्षा | पुरुष | महिला |
|---|---|---|---|
| १ | प्राथमिक | ३७१ | ३४५ |
| २ | माध्यमिक | ३१५ | २६६ |
| ३ | उच्च माध्यमिक | १२८ | ६३ |
| ४ | स्नातक वा सो भन्दा माथि | ७ | १९१ |
| ५ | अनौपचारिक | १०७ | १२३ |
| ६ | छैन | २३२ | ३१९ |
| **जम्मा** | | **११६०** | **११३५** |

यस गाउँपालिकाको साक्षरता दर करिव ७१ % (१५ वर्ष भन्दा माथी को उमेर समूहको) रहेको छ, जसमा महिला ६३ % र पुरुष साक्षरता ७७ % देखिन्छ। वडागत रुपमा हेर्दा सबै भन्दा बढी वडा नं ५ मा ८४% र कम वडा नं ३ मा ५४ % साक्षरता रहेको छ।

यस गाउँपालिकामा सामुदायिक विद्यालय २६ र निजी विद्यालय एक गरी कुल २७ बिद्यालय रहेका छन्। बिद्यार्थीको कुल सङ्ख्या ४,०७४ रहेको छ जस मध्ये ३९१९ (९७ %) सरकारी विद्यालयमा र १५५ जना (३ %) निजी बिद्यालयमा अध्ययनरत छन्। बिद्यार्थीको लैंगिक अनुपात हेर्दा ५१ % छात्रा र ४९ % छात्र रहेको देखिन्छ।

शिक्षक बिद्यार्थी को अनुपात हेर्दा प्राथमिकमा प्रति शिक्षक १५ र माध्यमिक तहमा प्रति शिक्षक ३४ बिद्यार्थी रहेको छ। बिद्यार्थी भर्ना दर हेर्दा आधारभुत तहमा ९८ %, माध्यमिकमा ७३ % र उच्च माद्यमिक तहमा ३६ % रहेको छ। बिद्यालय छोड्ने अनुपात कक्षा ६ देखि ८ सम्म करिव ३ % र माध्यमिक तहमा २ % रहेको पाइन्छ। यस गाउँपालिकामा वडा नं २ मा विद्यार्थीको संख्या सबैभन्दा बढी रहेको छ भने सबैभन्दा कम वडा नं १ मा रहेको छ। शैक्षिक तहलाई आधारभूत तथा माध्यमिक गरी दुइ भागमा विभाजन गरी लैङ्गिकता अनुसारको विद्यार्थी संख्या सम्बन्धी विवरण वडागत रुपमा देहायको तालिकामा दिइएको छ। धार्चे गाउँपालिकामा रहेका विद्यालयका अवस्थितीको विवरण चित्र नं ४ मा देखाइएको छ।

*तालिका नं ५ : तह अनुसार विद्यार्थी संख्या*

| वडा | वडाको नाम | आधारभुत | | मा.वि | | उच्च.मा.वि | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | |
| १ | हुलचुक | १०९ | ८८ | ० | ० | १०९ | ८८ | १९७ |
| २ | केराउनजा | १४० | ११८ | २३५ | २३० | ३७५ | ३४८ | ७२३ |
| ३ | उहिया | १६७ | १३२ | १०६ | ९० | २७३ | २२२ | ४९५ |
| ४ | लाप्राक | ० | ० | २२० | २१९ | २२० | २१९ | ४३९ |
| ५ | गुम्दा | १६१ | १३८ | १४८ | १३४ | ३०९ | २७२ | ५८१ |
| ६ | काशीगाउँ | ८७ | ९३ | १९२ | १५७ | २७९ | २५० | ५२९ |
| ७ | लापुबेसी | ९० | १०७ | २०६ | ५५ | २९६ | २६२ | ५५८ |
| **जम्मा** | | **७५४** | **६७६** | **११०७** | **९८५** | **१८६१** | **१६६१** | **३५२२** |

श्रोतः धार्चे आवधिक योजना, २०७६




*चित्र नं ४ : विद्यालय विवरण*

## २.६ स्वास्थ्य सेवाको वर्तमान स्थिति

यस गाउँपालिकाका ७ वटा वडाहरू मध्ये वडा नं २, ३,४, ५, ६ र ७ नं वडामा स्वास्थ्य चौकी रहेका छन् । वडा नं ५ मा गुम्दा र माछी खोलामा गरी २ वटा स्वास्थ्य चौकी रहेका छन् । यस गाउँपालिकामा १२ वटा स्वास्थ्य संस्था र १९ वटा खोप केन्द्र छन । वडा नं १ र ७ मा स्वास्थ्य संस्था र वडा नं ३ मा स्वास्थ्य इकाई पनि रहेका छन । धार्चे गाउँपालिकामा ३ वटा स्वास्थ्य इकाई छन भने १ वटा सामुदायिक स्वास्थ्य संस्था रहेको छ । साविकको केराउनजा गाविसलाई धार्चे गाउँपालिकाको वडा नं १ र २ मा विभाजन गर्दा स्वास्थ्य चौकी वडा नं २ मा पर्दछ भने वडा नं १ मा स्वास्थ्य संस्था स्थापना गरिएको छ । कुल स्वास्थ्यकर्मी २८ जना कार्यरत छन भने ७ जना को दरबन्दी रहेको मध्ये जम्मा ६ जना हेल्थ असिस्टेन्टहरु कार्यरत छन ।  भुकम्पले क्षति पुर्याएका स्वास्थ्य संस्थाहरू अस्थायी रुपमा प्रिफ्याब प्रविधिबाट निर्माण गरिएको छ । स्वास्थ्य संस्थाको किसिम तथा रहेको स्थान सम्बन्धी विवरण तालिका नं ६ मा दिइएको छ ।

*तालिका नं ६: स्वास्थ्य सम्बन्धी विवरण*

| क्र सं | स्वास्थ्य संस्थाको किसिम | वडा नं | स्थान |
|---|---|---|---|
| १ | हुलचुक स्वास्थ्य संस्था | १ | हुलचुक |
| २ | केरौजा स्वास्थ्य चौकी | २ | केरौजा |
| ३ | उहिया स्वास्थ्य चौकी | ३ | उहिया |
| ४ | खोर्ला स्वास्थ्य ईकाइ | ३ | खोर्लाबिसी |
| ५ | लाप्राक स्वास्थ्य चौकी | ४ | लाप्राक |
| ६ | माछीखोला स्वास्थ्य चौकी | ५ | माछीखोला |
| ७ | गुम्दा स्वास्थ्य चौकी | ५ | गुम्दा |
| ८ | सिङ्गला स्वास्थ्य चौकी | ५ | सिङ्गला |
| ९ | काशीगाउँ स्वास्थ्य चौकी | ६ | काशीगाउँ |
| १० | लापु स्वास्थ्य चौकी | ७ | लापुबेसी |
| ११ | लापु गाउँ स्वास्थ्य चौकी | ७ | लापु गाउँ |

श्रोतःधार्चे आवधिक योजना,२०७६




*चित्र नं ५: स्वास्थ संस्था विवरण*

## २.७ जनप्रतिनिद्यी तथा कमचारीको विवरण

यस गाउँको कार्यपालिकाका निर्वाचित जनप्रतिनिद्यी र कर्मचारीहरूको सूची तालिका नं ७ र ८ मा उल्लेख गरीएको छ ।

*तालिका नं.७: गाउँ कार्यपालिकाका जनप्रतिनिद्यीहरूको विवरण*

| क्र.सं. | पद | नाम | सम्पर्क नं |
|---|---|---|---|
| १ | अध्यक्ष | सन्त बहादुर गुरुङ (सन्तोष) | ९८५१०१९३५३ |
| २ | उपाध्यक्ष | फुलमाया गुरुङ | ९८४६७२२४०५ |

*तालिका नं. ८: गाउँ कार्यपालिकाका कर्मचारीहरूको विवरण*

| क्र.सं. | पद | नाम | सम्पर्क नं |
|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | श्री विश्व विजय शर्मा | ९८४९२७९९८१ |
| २ | स्वास्थ्थ संयोजक | डिल प्रसाद गुरुङ | ९८४६६४८२७६ |
| ३ | खरिदार | ध्रुब राज पराजुली | ९८४६२९२२०७ |
| ४ | खरिदार | अरुण कुमार महतो | ९८०४८१२३५७ |
| ५ | खरिदार | अशोक थापा मगर | ९८६६०३१०१९ |
| ६ | इन्जिनियर | ई. प्रविन वस्ती | ९८५५०८७८२२ |
| ७ | सव इन्जिनियर | राम नारायण चौधरी | ९८४२८६९९०६ |
| ८ | लेखा प्रमुख | गणेश राना | ९८५७६३४१३३ |
| ९ | खरिदार | शैलेद्र् महतो | ९८०९६२००१६ |
| १० | सूचना अधिकारी | राम नारायण चौधरी | ९८४२८६९९०६ |
| ११ | गाँउ शिक्षा अधिकारी | पदम बहादुर ढकाल | ९८६६६६६१४७ |
| १२ | कम्प्युर अपरेटर | कमल गुरुङ | ९८६१६२९०८९ |

# ३. खानेपानी तथा सरसफाईको विद्यमान स्थिति

यस गाउँपालिकामा रहेका विद्यमान ३५ खानेपानी परियोजनाहरु मध्ये केही परियोजनाहरु पूर्ण रुपमा सन्चालनमा नआएका र धेरै 'एक घर एक धारा' अवधारणा अन्तरगत सन्चालनमा रहेका परियोजनाबाट पर्याप्त मात्रामा खानेपानी नपुगेको अवस्था छ । यसरी सेवा नपुगेका जनसमुदायका लागी साबिकका खानेपानी परियोजनाहरुको पुनःस्थापना तथा नयाँ खानेपानी परियोजनाको प्रस्तावना गरिएको छ । चित्र नं ६ मा धार्चे गाउँपालिकामा रहेका 'एक घर एक धारा' को नीति अनुरुप निमार्ण भई सन्चालनमा रहेका, सार्वजनिक धारा भएका र नयाँ परियोजना गरी तीन प्रकारका खानेपानी आयोजनाहरुको चित्राङ्कन गरिएको छ ।




*चित्र नं ६: खानेपानीका विद्यमान तथा प्रस्तावित परियोजना*

### ३.१ पानीको स्रोतहरूको सूची

उत्तर पुर्वमा तिब्बतसँग सिमाना जोडिएको धार्चे गाउँपालिकाको ३६.६७ प्रतिशत जमिन वन जङ्गलले ढाकेको छ । यस कारण यहाँका खानेपानीका श्रोतहरु अधिकतम सदाबाहार रहेको पाइयो । तथापी प्राकृतिक एवं मानवजन्य कारणले पानीका श्रोत तथा मुहानहरुमा ह्रास आई खानेपानीको उपलव्धतामा कमी आएको छ । तालिका नं ९ मा देखाइए अनुसार वडा नं ३ (उहिया) मा सबैभन्दा धेरै पानीका श्रोतहरु रहेको छन् भने हुलचुकमा सबैभन्दा कम पानीका श्रोतहरु रहेको छन् ।

*तालिका नं ९ : पानीका स्रोतहरूको सूचि*

| वडा नं. | वडाको नाम | खानेपानीका श्रोत (संख्या) | अन्य कार्यका लागी प्रयोजनमा आएका खानेपानीका श्रोत (संख्या) | हाल प्रयोगमा आइरहेका श्रोत (संख्या) | नयाँ परियोजनाका लागी प्रस्तावित श्रोत (संख्या) |
|---|---|---|---|---|---|
| १ | हुलचुक | ६ | - | ४ | २ |
| २ | केराउनजा | १० | - | ६ | ४ |
| ३ | उहिया | १२ | - | १० | ३ |
| ४ | लाप्राक | १ | - | १ | - |
| ५ | गुम्दा | ६ | - | ५ | १ |
| ६ | काशीगाउँ | ४ | - | ३ | १ |
| ७ | लापुबेसी | ११ | - | ६ | ५ |
| **जम्मा** | | **५०** | **-** | **३५** | **१६** |

### ३.२ सामुदायिक खानेपानीको वर्तमान स्थिति

तालिका नं १० मा धार्चे गाउँपालिकामा वितरित खानेपानी परियोजनाको सारसंक्षेप देखाइएको छ, जसमा विभिन्न खानेपानी परियोजनाको सन्चालन अवस्था उल्लेख गरिएको छ । पाहाडी इलाका भएका कारणले यस क्षेत्रमा ग्राभिटी प्रणाली मार्फत खानेपानी परियोजना निमार्ण गरिएको पाइन्छ । यी मध्ये ९ वटा परियोजना हाल पूर्ण रुपमा सन्चलित छन् भने ५ अर्ध रुपमा सन्चलित रहेका छन् । १४ सन्चालनमा नआएका परियोजना मध्ये २०७२ सालको भूकम्पवाट १२ वटा खानेपानी प्रणालीहरु क्षतिग्रस्त भई १६०० जना प्रभावित भएका छन् । भूकम्पबाट विस्थापन भई पुर्नःस्थापन भएका केराउनजा र लाप्राक क्षेत्रमा खानेपानीको सुविधा धेरै कमजोर रहेको अवस्था छ । जसका कारण यस क्षेत्रमा हाल रहेका परियोजनाको सिघ्र मर्मत तथा व्यवस्थापन गर्नु पर्ने देखिएको छ ।

*तालिका नं १०: खानेपानी सेवा पहुँचको वर्तमान अवस्था*

| वडा नं | वडाको नाम | जम्मा घरधुरी | जम्मा जनसंख्या | पानी वितरण परियोजना का संख्या | पानी परियोजना का प्रकार (ग्राभिटी / लिफ्ट) | लाभान्वित धरधुरी | खानेपानी परियोजनाको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | पूर्ण रुपमा सन्चलित | आशिंक रुपमा सन्चलित | पूर्ण रुपले सन्चालन मा नआएका * |
| १ | हुलचुक | २३१ | ११५५ | ४ | ग्राभिटी | १५२ | २ | | २ |
| २ | केराउन जा | ११२६ | ५६२८ | ६ | ग्राभिटी | ६११ | १ | १ | ४ |
| ३ | उहिया | ५०७ | २५३५ | ११ | ग्राभिटी | ४२६ | ४ | १ | ६ |
| ४ | लाप्राक | ९१५ | ४५७५ | १ | ग्राभिटी | २०६ | | १ | |
| ५ | गुम्दा | ५०४ | २५२० | ५ | ग्राभिटी | ३०८ | १ | ३ | १ |
| ६ | काशीगाउँ | २६४ | १३२० | ३ | ग्राभिटी | २२७ | २ | १ | |
| ७ | लापुबेसी | ६२९ | ३१४४ | ५ | ग्राभिटी | १६६ | २ | २ | १ |
| | **जम्मा** | **४१७६** | **२०८७७** | **३५** | | **२०९६** | **१२** | **९** | **१४** |

नोट-*(>८०% संरचनाले काम नगरेको अवस्थामा)

## ३.३ सरसफाई तथा स्वच्छताको वर्तमान स्थिति

### ३.३.१ सरसफाईको स्थिति

सरसफाई तर्फ ९३ प्रतिशत घरमा चर्पीको व्यवस्था भएको छ जसमध्ये ७३ प्रतिशत सेफ्टिट्याङ्की सहित, २ प्रतिशत ढल सहितको र बाकी १८ प्रतिशत खाल्डे चर्पी रहेका छन् । तथापी प्राकृतिक एवं मानवजन्य कारणले पानीका श्रोत तथा मुहानहरुमा ह्रास आई खानेपानीको उपलब्धतामा कमी आएको छ । त्यसमाथी खानेपानी वितरण प्रणाली मापदण्ड अनुरुप नभएका करणले स्वच्छ खानेपानीको व्यवस्था नहुँदा पानीजन्य रोगहरु बढ्दै गएका छन् । भूकम्पको कारणले खानेपानी तथा सरसफाईका संरचनाहरु क्षतिग्रस्त भएका छन् जसका कारणव्यक्तिगत तथा सामुदायिक सरसफाईको अभ्यास पनि कमजोर हुँदै गइरहेका छन् । तालिका नं ११ मा धार्चे गाउँपालिकाका वडाहरु खुला दिसा मुक्त क्षेत्र घोषणा भएको कुरा देखाइएको छ ।

*तालिका नं १० : खुला दिसा मुक्त क्षेत्र घोषणा भएको अवस्था*

| वडा नं | वडाको नाम | जममा घरघुरी | खुला दिसा मुक्त क्षेत्र घोषणा भएको ? (छ/छैन) |
|---|---|---|---|
| १ | हुलचुक | २३१ | छ |
| २ | केराउनजा | ११२६ | छ |
| ३ | उहिया | ५०७ | छ |
| ४ | लाप्राक | ९१५ | छ |
| ५ | गुम्दा | ५०४ | छ |
| ६ | काशीगाउँ | २६४ | छ |
| ७ | लापुबेसी | ६२९ | छ |

## ३.३.२ स्वच्छता स्थिती

स्वच्छताका सुचक हेर्दा खानेकुरा स्वच्छता स्तिथी (९९.०२%) सबै भन्दा संतोषजनक पाइयो भने साबुनपानीले हात धुने अवस्थामा (५८.८४%) भने सुधार ल्थाउनु जरुरी देखिन्छ । सर्वेक्षण गरिएका १०% घरधुरीमा पनि चर्पी प्रयोगको अवस्था (८८.७३%) राम्रो नै देखियो । वडा ६ र ४ मा यो स्थिती राम्रो नै भए पनि वडा ४ मा केही कमी देखिएको छ । यहाँका वासिन्दाले महिनावारी सरसफाई व्यवस्थापनमा (७०.८१%) केही मात्रामा फड्को मारे पनि फोहोर व्यवस्थापन स्तिथीमा (६०.५८%) भने सुधार गर्नु पर्ने देखिएको छ । स्वच्छता स्थितीको विवरण तालिका नं १२ मा देखाइएको छ ।

*तालिका नं १२: स्वच्छता स्थिती*

| वडा नं. | वडाको नाम | चर्पी प्रयोगको स्थिति (%) | साबुनपानीले हात धुने स्तिथी (%) | घरधुरीमा खानेपानी प्रषोधन स्तिथी (%) | खानेकुरा स्वच्छता स्तिथी (%) | फोहोर व्यवस्थापन स्तिथी (%) | महिनावारी सरसफाई व्यवस्थापन स्तिथी (%) |
|---|---|---|---|---|---|---|---|
| १ | हुलचुक | ८१.९४ | २६.६२ | ०.०० | ९८.६१ | ६४.८१ | ७९.६३ |
| २ | केराउनजा | ९५.०० | ६१.२५ | ०.०० | ९८.७५ | ६८.१३ | ६८.७५ |
| ३ | उहिया | ८६.५१ | २३.४१ | ०.०० | ९८.८१ | ५६.६१ | ६१.११ |
| ४ | लाप्राक | ५९.०६ | ९०.२७ | २.६८ | ९३.९६ | ५८.६१ | ४९.२२ |
| ५ | गुम्दा | ९८.६३ | ९३.८४ | ४.११ | ९७.९५ | ५०.०० | ७३.९७ |
| ६ | काशीगाउँ | १००.०० | ८२.७२ | २.४७ | १००.०० | ७५.९ | ६२.९६ |
| ७ | लापुबेसी | १००.०० | ३३.७७ | ०.०० | १००.०० | ५०.०० | १००.०० |

तालिका १३ मा चर्पी निर्माणको अवस्था देखाइएको छ । यो अवस्था हेर्ने हो भने वडा नं ३ मा खाल्डे चर्पीको लोकप्रीयता बढी देखिएता पनि  अन्य वडामा आधुनिक चर्पी (पानी खन्याएर प्रयोग गर्न सक्ने) को प्रयोग अधिक देखिएको छ ।

*तालिका नं १३: चर्पी निर्माणको अवस्था*

| वडा नं. | वडाको नाम | जम्मा घरधुरी | चर्पीको संख्या | चर्पीका प्रकार | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | आधुनिक चर्पी (पानी खन्याएर प्रयोग गर्न सक्ने) | साधारण खाल्डे चर्पी | |
| १ | हुलचुक | ७२ | ५९ | ५९ | - | |
| २ | केराउनजा | ८० | ७६ | ७३ | ३ | |
| ३ | उहिया | १२६ | १०९ | ३८ | ६६ | |
| ४ | लाप्राक | १४९ | ८८ | ८२ | ६ | |
| ५ | गुम्दा | ७३ | ७२ | ७२ | - | |
| ६ | काशीगाउँ | ८१ | ८१ | ८१ | - | |
| ७ | लापुबेसी | ७७ | ७७ | ७७ | - | |

## ३.४ विद्यालयमा खानेपानी र सरसफाईको अवस्था

तालिका नं १४ मा धार्चे गाउँपालिकामा रहेका विद्यालयमा विद्यमान खानेपानी तथा सरसफाईको अवस्था दर्शाइएको छ । सर्वेक्षण भएका सबै विद्यालयहरुमा चर्पीको प्रबन्ध भएता पनि सबैमा छात्र-छात्रा मैत्री चर्पीको प्रबन्ध भएको भने पाइएन । त्यसैगरी सबै विद्यालयहरुमा खानेपानीको प्रबन्ध भएता पनि ११ विद्यालयहरुमा स्वच्छ खानेपानीको प्रबन्ध गर्नुपर्ने कुराको जानकारी पाइएको छ ।

*तालिका नं १४: खानेपानी तथा सरसफाईको व्यवस्था भएका विद्यालयका जानकारी*

| वडा नं | वडाको नाम | विद्यालयको नाम | विद्यार्थीको संख्या | | छात्र मैत्री चर्पीको प्रबन्ध भएको विद्यालयका संख्या | छात्रा मैत्री चर्पीको प्रबन्ध भएको विद्यालयका संख्या | खानेपानीको प्रबन्ध भएको विद्यालयका संख्या | छात्र मैत्री चर्पीको प्रबन्ध गर्नुपर्ने विद्यालयका संख्या | छात्रा मैत्री चर्पीको प्रबन्ध गर्नुपर्ने विद्यालयका संख्या | स्वच्छ खानेपानीको प्रबन्ध गर्नुपर्ने विद्यालयका संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | | | | | | |
| १ | हुलचुक | श्री गणेश हिमाल आधारभुत विद्यालय | १५ | १७ | - | - | १ | १ | १ | १ |
| २ | केराउनजा | श्री इक्षा आधारभुत विद्यालय | १०० | १०० | ✓ | ✓ | १ | - | - | १ |
| ३ | उहिया | श्रीकेरुन्जा माध्यमिक विद्यालय | १९९ | २२७ | ✓ | ✓ | १ | - | - | १ |
| | | श्री डुङ्ला आधारभुत विद्यालय | ४४ | ४६ | - | - | १ | १ | १ | १ |
| | | श्री सात कन्या देवी माद्यमिक विद्यालय | ८४ | १२२ | ✓ | ✓ | १ | - | - | - |
| | | श्री पार्वती आधारभुत विद्यालय | ८७ | १११ | - | - | १ | १ | १ | १ |
| | | श्री लाकपल आधारभुत विद्यालय | ८ | ७ | - | - | १ | १ | १ | - |
| ४ | लाप्राक | लाप्राक बोर्डिङ स्कुल | ९० | ७६ | ✓ | ✓ | १ | - | - | - |
| | | श्री मनीकाम देवी माद्यमिक विद्यालय | १५६ | १९४ | ✓ | ✓ | १ | - | - | १ |

| वडा नं | वडाको नाम | विद्यालयको नाम | विद्यार्थीको संख्या | | छात्र मैत्री चर्पीको प्रबन्ध भएको विद्यालयका संख्या | छात्रा मैत्री चर्पीको प्रबन्ध भएको विद्यालयका संख्या | खानेपानीको प्रबन्ध भएको विद्यालयका संख्या | छात्र मैत्री चर्पीको प्रबन्ध गर्नुपर्ने विद्यालयका संख्या | छात्रा मैत्री चर्पीको प्रबन्ध गर्नुपर्ने विद्यालयका संख्या | स्वच्छ खानेपानीको प्रबन्ध गर्नुपर्ने विद्यालयका संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | | | | | | |
| ५ | गुम्दा | श्री जनसेवा आधारभुत विद्यालय | | १ | - | - | १ | १ | १ | - |
| | | श्री सुर्योदय माद्यमिक विद्यालय | ७९ | ८६ | ✓ | ✓ | १ | - | - | - |
| | | श्री सींह देवी आधारभुत विद्यालय | ७७ | ९२ | ✓ | ✓ | १ | - | - | - |
| ६ | काशीगाउँ | सुर्य देवी नीम्न माद्यमिक विद्यालय | ८७ | ८१ | ✓ | ✓ | १ | - | - | १ |
| | | श्री मन्जु श्री माद्यमिक विद्यालय | १६४ | १९१ | ✓ | ✓ | १ | - | - | १ |
| ७ | लापुबेसी | श्री पर्वत किरण माद्यमिक विद्यालय | ६६ | ४८ | ✓ | ✓ | १ | - | - | १ |
| | | गण्डकी नीम्न माद्यमिक विद्यालय | १२५ | १६० | ✓ | ✓ | १ | - | - | १ |
| | | श्री शिव आभारभुत विद्यालय | २० | २६ | - | - | १ | १ | १ | १ |

## ३.५ खानेपानी प्रणालीको प्राथमिकता

तालिका नं १५ मा विद्यमान खानेपानी परियोजनाको पुर्नःस्थापनाको जानकारी उल्लेख गरिएको छ । स्थलगत अध्ययनको आधारमा भौगोलिक  कठिनाइ, विपदा जोखिम तथा सरसफाईको स्तरलाई ध्यानमा राखी प्राथमिकता निर्धारण गरिएको छ भने घरधुरीका संख्या पनि सर्वेक्षण अनुरुप कुल संख्याको १०% नै राखिएको छ । 'एक घर एक धारा' अवधारणा अर्न्तगत पर्याप्त मात्रामा खानेपानी नपुगेको अवस्थामा सानोतीनो मर्मत वा पुर्नःस्थापना तथा पुर्नःनिर्मण गर्नु पर्ने परियोजनाका सूचि तयार पारिएको छ । यस प्रकार पुर्नःस्थापना गर्नुपर्ने २६ परियोजना रहेका छन् जसले १६०४ जनसंख्यालाई लाभान्वित पुर्याउने अनुमान छ ।

*तालिका नं १५: विद्यमान खानेपानी परियोजनाको  पुर्नःस्थापना*

| वडा नं | वडाको नाम | प्राथमिक तह | सानोतीनो मर्मत गर्नुपर्ने परियोरजनाका संख्या | घरधुरीका संख्या/ सानोतीनो मर्मत गर्नुपर्ने परियोजनाका संख्या | पुर्नःस्थापना तथा पुर्नःनिर्मणका परियोजनाका संख्या | पुर्नःस्थापना तथा पुर्नःनिर्माण गर्नु पर्ने जनसंख्या |
|---|---|---|---|---|---|---|
| १ | हुलचुक | B | - | - | ३ | १४० |
| २ | केराउनजा | B | - | - | ५ | ३९१ |
| ३ | उहिया | B | - | - | ८ | २९७ |
| ४ | लाप्राक | B | - | - | १ | २०६ |
| ५ | गुम्दा | B | - | - | ४ | २७६ |
| ६ | काशीगाउँ | B | - | - | ३ | २२७ |
| ७ | लापुबेसी | B | - | - | २ | ६७ |
| | **जम्मा** | | | | **२६** | **१६०४** |

*A-न्युन जोखिम, B- मध्यम जोखिम, C- उच्चजोखिम

न्युन जोखिम -०.०-३.९

मध्यम जोखिम -४.०-६.९

उच्चजोखिम -७.०-१०

# ४. योजना छनौट र लागत इस्टिमेट

## ४.१ सेवा विहिन स्थानकालागी खानेपानी योजना

यस गाउँपालिकामा खानेपानी तथा सरसफाईको हाल अवस्थाको सर्वेक्षण गरे पश्चात, खानेपानीको सेवा नपुगेका केही जनसंख्या रहेको जानकारी प्राप्त भएको छ । तसर्थ, स्थलगत सर्वेक्षण तथा सार्वजनिक परामर्श पश्चात प्रस्तावित नयाँ परियोजना तालिका नं १६ मा देखाइएका छन् । पुर्व जनसंख्याको दर हेर्ने हो भने अजिरकोटको जनसंख्या घट्दो क्रममा रहेको छ । प्रस्तावना गर्नुपर्ने नयाँ परियोजनाका लागी प्रती इकाई निर्माण लागतका आधारमा जम्मा खर्च निकालीएको छ भने पाइप लाइन तथा धाराको पुर्न:निमार्ण खर्च भने सुचारु परियोजनाका आधारमा अनुमान गरिएको छ ।

वडा नं २ अर्न्तगत प्रस्तावित लामाबेसी-२ खानेपानी परियोजना यस गाउँपालिकामा १ करोड १४ लाखको ५० हजारको अनुमानित लागतमा निर्माण हुने ठूलो परियोजना रहेको छ । यस परियोजनाले सेवा नपुगेका १,१४५ जनसंख्यालाई लाभान्वित गर्ने लक्ष्य बोकेको छ । त्यसैगरी वडा ३ को केराबारी खानेपानी परियोजना १ लाख ५० हजारको न्यून लागतमा निर्माण हुन सक्ने अनुमान छ जसले १५ जनसंख्यालाई सेवा प्रदान गर्न सक्ने देखिएको छ । समग्रमा मोटामोटी ६ करोड ४४ लाखको लागतमा निर्माण हुन सक्ने १५ प्रस्तावित परियोजनाले सेवा नपुगेका ६,४४२ जनसंख्यालाई सेवा प्रदान गर्ने अनुमान छ ।

*तालिका नं १६: नयाँ खानेपानी परियोजना*

| वडा नं | जोखिम तह | गाउँको नाम | सेवा नपुगेका जनसंख्याका लागी प्रस्तावित परियोजना | लाभान्वित जनसंख्या | घरधुरी संख्या | लागत खानेपानी (लाखमा) | लागत ढल निकास* (लाखमा) | Y1 | Y2 | Y3 | Y4 | Y5 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | B | सिल्लासित | सिल्लासित -२खानेपानी परियोजना | १६५ | ३३ | १६.५ | ८.२५ | | | | | |
| | | यारु | यारुखानेपानी परियोजना | २३० | ४६ | २३ | ११.५ | | | | | |
| २ | C | झ्लानचेत | झ्लानचेत -२खानेपानी परियोजना | ५३ | ११ | ५.३ | २.६५ | | | | | |
| | | डोङ्गन | डोङ्गनखानेपानी परियोजना | १३१० | २६२ | १३१ | ६५.५ | | | | | |

| वडा नं | जोखिम तह | गाउँको नाम | सेवा नपुगेका जनसंख्याका लागी प्रस्तावित परियोजना | लाभान्वित जनसंख्या | घरधुरी संख्या | लागत खानेपानी (लाखमा) | लागत ढल निकास* (लाखमा) | Y1 | Y2 | Y3 | Y4 | Y5 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | C | बि क बस्ती | बि क बस्ती खानेपानी परियोजना | ६५ | १३ | ६.५ | ३.२५ | | | | | |
| | | लामाबेसी | लामाबेसी -२ खानेपानी परियोजना | ११४५ | २२९ | ११४.५ | ५७.२५ | | | | | |
| ३ | B | लाकपाल | लाकपाल -२ खानेपानी परियोजना | १३० | २६ | १३ | ६.५ | | | | | |
| | | केराबारी | केराबारी खानेपानी परियोजना | १५ | ३ | १.५ | ०.७५ | | | | | |
| ५ | A | माछी खोला | माछी खोला खानेपानी परियोजना | ९८० | १९६ | ९८ | ४७.५ | | | | | |
| ६ | C | काशी गाउँ बेसी | काशीगाउँ बेसी खानेपानी परियोजना | १८५ | ३७ | १८.५ | ९.२५ | | | | | |
| ७ | B | खानी गाउँ | खानी गाउँ खानेपानी परियोजना | ६५४ | १३१ | ६५.४ | ३२.७ | | | | | |
| | | सिरान गाउँ | सिरान गाउँ खानेपानी परियोजना | १३० | २६ | १३ | ६.५ | | | | | |
| | | लापुबेसी | लापुबेसी -२ खानेपानी परियोजना | १४० | २८ | १४ | ७ | | | | | |
| | | पुछार गाउँ, माझ गाउँ,हारसंग गाउँ,स्कुल टोल | लापु खानेपानी परियोजना | १०४५ | २०९ | १०४.५ | ५२.२५ | | | | | |
| | | थाति | थाति खानेपानी परियोजना | १९५ | ३९ | १९.५ | ९.७५ | | | | | |
| **जम्मा** | | | | ६४४२ | १२८९ | ६४४.२ | ३२०.६ | | | | | |

*A-न्युन जोखिम, B- मध्यम जोखिम, C- उच्चजोखिम

न्युन जोखिम -०.०-३.९

मध्यम जोखिम -४.०-६.९

उच्चजोखिम -७.०-१०

*- ढल निकास भन्नाले भलपानी व्यवस्थापन र घर संस्था आदिबाट निस्केको निकास पानीको व्यवस्थापन भन्ने बुझिन्छ।

## ४.२ पुर्नःस्थापना गर्नुपर्ने आयोजना

धार्चे गाउँपालिकामा विभिन्न खानेपानी परियोजना भएता पनि धेरै परियोजनाहरु पूर्ण रुपमा सन्चालनमा नआएको र ‘एक घर एक धारा’ अवधारणा अन्तरगत सन्चालनमा रहेका विद्यमान परियोजनाबाट पर्याप्त मात्रामा खानेपानी नपुगेको  अवस्था छ। ती मध्ये केही पुर्नःस्थापनाका लागी प्रस्तावित परियोजनाहरुको सूचि तालिका नं १७ मा उल्लेख गरिएको छ । पुर्नःस्थापना गर्नुपर्ने परियोजनाका लागी प्रति इकाई निमार्ण लागतका आधारका जम्मा खर्च निकालीएको छ भने पाइप लाइन तथा धाराको निर्माण खर्च भने सुचारु परियोजनाका आधारमा अनुमान गरिएको छ।

वडा नं ४ अर्न्तगत प्रस्तावित कलकङ खानेपानी परियोजना ७७ लाख ५० हजारको अनुमानित अधिकतम लागतमा पुर्नःनिर्माण हुने ठूलो परियोजना रहेको छ ।  यस परियोजनाले अल्प सेवा पुगेका २०७ घरधुरीलाई  लाभान्वित गर्ने लक्ष्य बोकेको छ । त्यसैगरी वडा ५ कोपुङ्सावाङ र चिलढुङ्गा खोला खानेपानी परियोजना खानेपानी परियोजना ४ लाख ५० हजारको न्यून लागतमा पुर्नःनिर्माण हुन सक्ने अनुमान छ जसले १२ घरधुरीलाई सेवा प्रदान गर्न सक्ने देखिएको छ। समग्रमा मोटामोटी ६ करोड ५० लाखको लागतमा पुर्नःनिर्माण हुन सक्ने २६ प्रस्तावित परियोजनाले अल्प सेवा पुगेका १,५७४ घरधुरीलाई सेवा प्रदान गर्ने अनुमान छ।

*तालिका नं १७ : पुर्नःस्थापनाका परियोजना*

| वडा नं | जोखिम तह | पुर्नःस्थापनाका परियोजनाका सूचि | वस्तीको नाम | घरधुरी संख्या | लागत खानेपानी (लाखमा) | लागत ढल निकास* (लाखमा) | Y1 | Y2 | Y3 | Y4 | Y5 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | B | हुलचुक खानेपानी परियोजना | हुलचुक | १०० | ४१ | ५ | | | | | |
| | | सल्लाघारी खानेपानी परियोजना | सल्लाघारी | १७ | ६.५ | ०.८५ | | | | | |
| | | सिल्लासित खानेपानी परियोजना | सिल्लासित | २३ | ९.५ | १.१५ | | | | | |

| वडा नं | जोखिम /प्राथमिकीकरणको तह | पुनःस्थापनाका परियोजनाका सूचि | वस्तीको नाम | घरधुरी संख्या | जम्मा खर्च (लाखमा) | लागत ढल निकास* (लाखमा) | Y1 | Y2 | Y3 | Y4 | Y5 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | B | क्विटेन खानेपानी परियोजना | क्विटेन | १२२ | ५३.५ | ६.१ | | | | | |
| | | बाम्ला चोक खानेपानी परियोजना | बाम्ला चोक | ९० | ४१.५ | ४.५ | | | | | |
| | | घान्सु खानेपानी परियोजना | घान्सु | ५० | २३.५ | २.५ | | | | | |
| | | लिन्जाङ खानेपानी परियोजना | लिन्जाङ | ३० | १४ | १.५ | | | | | |
| | | लामा बेसी खानेपानी परियोजना | लामा बेसी | ९९ | ४६ | ४.९५ | | | | | |
| ३ | B | लुङ्चेतखानेपानी परियोजना | लुङ्चेत | २२ | ९ | १.१ | | | | | |
| | | खोर्ला बेसी खानेपानी परियोजना | खोर्ला बेसी | २२ | १० | १.१ | | | | | |
| | | तल्लो उइयाखानेपानी परियोजना | तल्लो उइया | १२२ | ३०.५ | ६.१ | | | | | |
| | | कुन्तिचेत सेवाङ खानेपानी परियोजना | घले गाउँ | ३८ | १६.५ | १.९ | | | | | |
| | | डुङ्ला खानेपानी परियोजना | डुङ्ला | ४२ | १४ | २.१ | | | | | |
| | | लाक्पाल खानेपानी परियोजना | लाक्पाल | १८ | ८ | ०.९ | | | | | |
| | | बिन्चेट खानेपानी परियोजना | बिन्चेट | ११ | ५ | ०.५५ | | | | | |
| | | अन्तर बेसी खानेपानी परियोजना | अन्तर बेसी | २२ | ९ | १.१ | | | | | |
| ४ | B | कलकङ खानेपानी परियोजना | लाप्राक | २०६ | ७७.५ | १०.३ | | | | | |

| वडा नं | जोखिम /प्राथमिकीकरणको तह | पुनःस्थापनाका परियोजनाका सूचि | वस्तीको नाम | घरधुरी संख्या | जम्मा खर्च (लाखमा) | लागत ढल निकास* (लाखमा) | Y1 | Y2 | Y3 | Y4 | Y5 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | B | हस्याङ्खानेपानी परियोजना | लप्सीबोट | ७९ | ३३ | ३.९५ | | | | | |
| | | सिङ्गला खानेपानी परियोजना | सिङ्गला | १४१ | ६३.५ | ७ | | | | | |
| | | कुन्जिरा खानेपानी परियोजना | यमगाउँ | ४४ | १९ | २.२ | | | | | |
| | | पुङ्सावाङ र चिलढुङ्गा खोला खानेपानी परियोजना | यमगाउँ | १२ | ४.५ | ०.६ | | | | | |
| ६ | B | कादुरी-१ खानेपानी परियोजना | काशी गाउँ | ७० | ३१.५ | ३.५ | | | | | |
| | | गोरेटोको छमखर्ग खानेपानी परियोजना | छमखर्ग | ५० | २२.५ | २.५ | | | | | |
| | | कादुरी-२ खानेपानी परियोजना | यार्सा | १०७ | ४७ | ५.३५ | | | | | |
| ७ | B | हुलखोला-२ खानेपानी परियोजना | पोउटु | २१ | ८ | १ | | | | | |
| | | सन्चेतखानेपानी परियोजना | पाग्राङ | १६ | ६ | ०.८ | | | | | |
| | | **जम्मा** | | १५७४ | ६५० | ७९ | | | | | |

*A-न्युन जोखिम, B- मध्यम जोखिम, C- उच्चजोखिम

न्युन जोखिम -०.०-३.९

मध्यम जोखिम -४.०-६.९

उच्चजोखिम -७.०-१०

*- ढल निकास भन्नाले भलपानी व्यवस्थापन र घर संस्था आदिबाट निस्केको निकास पानीको व्यवस्थापन भन्ने बुझिन्छ ।

## ४.३ सार्वजनिक शौचालय, फोहोरमैला व्यवस्थापन र ढल निकास तथा भलपानी व्यवस्थापन

धार्चे गाउँपालिकाको वडा नं ४ मा सार्वजनिक शौचालयको व्यवस्था गरिएको छ तर बाँकी वडाहरुमा चाहि सार्वजनिक शौचालयको व्यवस्था गर्नुपर्ने देखिन्छ । साथै यस गाउँपालिकामा रहेको माछीखोला, तातोपानी, खोर्लाबेसी, आरुबजार, दोबान बजार क्षेत्रमा र बसपार्कमा पनि सार्वजनिक शौचालयको आवश्यकता रहेको देखिन्छ । केही डस्टबिनहरुको प्रयोग गरेर फोहोरमैला व्यवस्थापन गर्ने गरिएको छ । फोहोरमैलाका श्रोतहरुलाई छुटयाउने व्यवस्था गरिएको छैन र यहा कुनै बिसर्जन स्थल नरहेको पाइयो । यस गाउँपालिकामा फोहोर व्यवस्थापनका साथसाथै भलपानी र ढल व्यवस्थापनमा सुधार ल्याउन अत्यन्त जरुरी देखिन्छ । गा. पा कार्यालयमा सार्वजनिक शौचालयको साथसाथै फोहोर र ढल व्यवस्थापनको आवश्यकता छ र यसको अवस्था गम्भीर रहेको छ ।

## ४.४ सेवा नपुगेको र संकटासन्न जनसंख्याका लागी योजना

तालिका नं १८ मा सेवा नपुगेको र संकटासन्न जनसंख्याका लागी प्रस्तावित योजनाहरुको विस्तृत जानकारी देखाइएको छ । स्थलगत अध्ययनको आधारमा भौगोलिक कठिनाइ, विपदा जोखिम तथा सरसफाईको स्तरलाई ध्यानमा राखी प्राथमिकता निर्धारण गरिएको छ भने घरधुरीका संख्या पनि सर्वेक्षण अनुरुप कुल संख्याको १०% नै राखिएको छ ।

*तालिका नं १८: सेवा नपुगेको र संकटासन्न जनसंख्याका लागी नयाँ खानेपानी योजना*

| वडा नं | वडाको नाम | जोखिमको तह | गाँउको नाम | सेवा नपुगेको र संकटासन्न जनसंखयाका लागी परियोजना | घरधुरी संख्या | जनसंख्या |
|---|---|---|---|---|---|---|
| १ | हुलचुक | B | सिल्लासित | सिल्लासित -२ खानेपानी परियोजना | ३३ | १६५ |
| | | | यारु | यारु खानेपानी परियोजना | ४६ | २३० |
| २ | केराउनजा | C | भ्लानचेत | भ्लानचेत -२ खानेपानी परियोजना | ११ | ५३ |

| वडा नं | वडाको नाम | जोखिमको तह | गाँउको नाम | सेवा नपुगेको र संकटासन्न जनसंखयाका लागी परियोजना | घरधुरी संख्या | जनसंख्या |
|---|---|---|---|---|---|---|
| २ | केराउनजा | C | डोङ्गन | डोङ्गन खानेपानी परियोजना | २६२ | १३१० |
| | | | बि क बस्ती | बि क बस्ती खानेपानी परियोजना | १३ | ६५ |
| | | | लामाबेसी | लामाबेसी -२ खानेपानी परियोजना | २२९ | ११४५ |
| ३ | उहिया | B | लाकपाल | लाकपाल -२ खानेपानी परियोजना | २६ | १३० |
| | | | केराबारी | केराबारी खानेपानी परियोजना | ३ | १५ |
| ५ | गुम्दा | A | माछी खोला | माछी खोला खानेपानी परियोजना | १९६ | ९८० |
| ६ | काशीगाउँ | C | काशी गाउँ बेसी | काशीगाउँ बेसी खानेपानी परियोजना | ३७ | १८५ |
| ७ | लापुबेसी | B | खानी गाउँ | खानी गाउँ खानेपानी परियोजना | १३१ | ६५४ |
| | | | सिरान गाउँ | सिरान गाउँ खानेपानी परियोजना | २६ | १३० |
| | | | लापुबेसी | लापुबेसी -२ खानेपानी परियोजना | २८ | १४० |
| | | | पुछार गाउँ, माझ गाउँ,हारसंग गाउँ, स्कुल टोल | लापु खानेपानी परियोजना | २०९ | १०४५ |

| वडा नं | वडाको नाम | जोखिमको तह | गाँउको नाम | सेवा नपुगेको र संकटासन्न जनसंखयाका लागी परियोजना | घरधुरी संख्या | जनसंख्या |
|---|---|---|---|---|---|---|
| ७ | लापुबेसी | B | थाति | थाति खानेपानी परियोजना | ३९ | १९५ |
| जम्मा | | | | | १२८९ | ६४४२ |

*A-न्युन जोखिम, B- मध्यम जोखिम, C- उच्चजोखिम

न्युन जोखिम -०.०-३.९

मध्यम जोखिम -४.०-६.९

उच्चजोखिम -७.०-१०

## ४.५ प्राथमिकीकरण रणनीति

हरेक योजनाको सहि कार्यानवयनका लागी एक पछी अर्को गर्दै कार्यहरुलाई निरन्तरता दिनु जरुरी हुन्छ । निम्न प्राथमिकीकरण रणनीतिद्वारा खानेपानी तथा सरसफाईको क्षेत्रमा उल्लेखनिय प्रगती हुने लक्ष्य लिइएको छ ।

**खानेपानी**

सर्वप्रथम हालमा रहेका उपभोत्ताहरुलाई पर्याप्त खानेपानी पुर्याउनु नै यस योजनाको पहिलो उपलब्धी रहेको हुन्छ । त्यसका लागी हाल सन्चालित खानेपानी परियोजनाहरुको मर्मत गर्ने कार्यलाई पहिलो प्राथमिकता दिनु जरुरी छ । मर्मतबाट असम्भब भएमा नयाँ योजना निर्माण गर्ने व्यवस्था मिलाउनु पर्दछ । त्यस पश्चात निरन्तर सन्चालनका लागी हेरालुको नियुक्ति गर्ने तर्फ ध्यान दिनुपर्छ । त्यसका अलावापानी महशुल तोक्ने तथा मर्मत कोषलाई निरन्तरता दिने कार्य जरुरी रहेको छ । उपभोक्ता समितिको बैठक नियमित रुपमा कम्तीमा २ महिनामा १ पटकर खानेपानी मुहानको पानीको गुणस्तर बर्षको कम्तिमा २ पटक परिक्षण अनिबार्य गर्नाले खानेपानीको स्वच्छता व्यवस्थित भैरहन्छ। प्रयोगमा नआएका पानीको श्रोत संरक्षण गरी नयाँ बन्ने खानेपानी योजनामा १ घर, १ धाराको अवधारणा लागु गर्नु पर्दछ ।

**सरसफाई**

सरसफाईको क्षेत्रमा प्रगतीका निम्ती सर्वप्रथम यस क्षेत्रमा चलिरहेको अभियानलाई निरन्तरता दिनु जरुरी छ । दैनिक घरायसी कार्यबाट निस्किएको फोहरमैला ब्यवस्थापनका लागी स्थानको छनौट गर्ने र त्यस

बारेमा जानकारीका लागी सरसफाई सम्बन्धी जनचेतना मुलक सुचनाबोर्ड राख्ने जस्ता काम गर्नु पर्दछ। ठाउँ ठाउँमा डस्टबिनको ब्यवस्था गर्ने तथा घरधुरीबाट निस्कनेधुवाँ लगायत अरु प्रदुषणका तत्वमा कमीका लागी धुवाँरहित चुलोको प्रयोगमा जोड दिनु पर्दछ। त्यसैगरी विद्यालयहरुमा सरसफाईको व्यवस्थापन, विद्यालय क्षेत्र र वजार क्षेत्रमा चर्पी र फोहर व्यवस्थापन गर्नुपर्छ तथा सार्वजनिक शौचालयको आवश्यकता अनुसार स्थापना र ब्यवस्थापन गर्नुपर्छ। चर्पी खोल्सा खोल्सीमा मिसाउने र जथाभाबी फोहोर फाल्नेलाई दण्ड जरिवानाको ब्यवस्था गरीउचित फोहोर ब्यवस्थापन गर्नेलाई प्रोत्साहान गर्नका निम्ती पुरस्कारको ब्यवस्थागर्ने हो भने सरसफाईको क्षेत्रमा उल्लेखनिय उन्नती गर्न सकिन्छ। सार्वजनिक शौचालयको लागत प्रतिदिन २५० लाभग्राहीका लागि १८७४ पर्ने अनुमान गरिएको छ।

# ५. योजना कार्यान्वयन, अनुगमन र अद्यावधिकिकरण

यस गुरुयोजनाका मूल उदेश्य प्राप्तीका निम्ती धार्चे गाउँपालिकामा भरिपूर्ण अवसरका साथै केही चुनौती पनि रहेका छन् । ती मध्ये केही चुनौती र अवसर तल उल्लेख गरिएका छन् ।

**चुनौतीहरु**

भूकम्पपछिको आवास निर्माणमा भएको ढिलाइले पक्की शौचालय निर्माणमा कम प्राथमिकता,भूकम्पको कारण अधिकांश संस्थागत चर्पी समेत क्षति भएको, शौचालय निर्माणमा बाह्य सहयोगको अपेक्षा, गाउँपालिकामा बिद्यमान खानेपानी योजनाहरु अधिकांश मर्मत सम्भारको अभाबमा सुचारु रुपमा सञ्चालन नहुनु, अधिकांश खानेपानी उपभोक्ता समितिहरु निस्क्रिय र उदासिन हुनु, पानी महशुल संकलन तथा मर्मत संभार कोषको यथोचित ब्यवस्था नहुनु, भूकम्पका कारण खानेपानी योजनाहरुमा क्षति भएको कारण खानेपानीको उपलब्धतामा असहजता, भूकम्प तथा जलवायु परिवर्तनका कारण खानेपानी योजनाहरुको मूहानहरुमा पानीको मात्रामा कमी हुनु, गाउँपालिकाको बिकट स्थानहरुमा जनचेतनाको अभावमा सरसफाई तथा स्वच्छता सम्बन्धी आनीबानीमा अझै यथोचित सुधारको कमी हुनु, खानेपानी, सरसफाई तथा स्वच्छता कार्यक्रमको लागि यथेष्ट मात्रामा गाउँपालिकासंग बजेटको अभाव हुनु, “एक घर एक धारा र एक चर्पी” नीतिको प्रभावकारी कार्यान्वयन गर्नु, स्वच्छ पानीको वितरण गर्नु, खानेपानीका मूहानको संरक्षण गर्नु, खानेपानी प्रणालीको दीगो व्यवस्थापन गर्नु, भूकम्पवाट क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माण र पुनर्स्थापन गर्नु, सरसफाईको अभ्यास वढाउनु आदि प्रमूख चुनौति हुन ।

**अवसरहरुः**

संघिय संरचना अनुरुप स्थानीय तहको निर्वाचन मार्फत जनप्रतिनिधिहरु निर्वाचित भई स्थानीय सरकारको गठन हुनु,निर्वाचित जनप्रतिनिधिहरु बिकास निर्माण तथा समुदायको दैनिक आवश्यकताप्रति सकारात्मक र जवाफदेही हुनु,स्वच्छ खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी आनीबानीहरुको महत्व र आवश्यकताप्रति समुदायहरुको जनचेतनामा अभिबृध्दि हुनु र आनीबानीहरुमा सकारात्मक परिवर्तन हुनु, खानेपानी उपभोक्ता समितिहरु तथा समुदायहरु पुर्नः खानेपानी योजनाहरुको सुचारु रुपमा सञ्चालन गर्न सक्रिय हुने अवस्था देखिनु, सम्पूर्ण वडाहरु लगायत सिंगो गाउँपालिका नै खानेपानी, सरसफाई तथा स्वच्छता रणनीतिक योजनाप्रति सकारात्मक हुनु र लागु गर्न प्रतिबद्ध हुनु,पानीका श्रोतहरु उपलब्धहुनु, अधिकांस परिवारमा खानेपानीको पहुंच पुग्नु, खानेपानी गाँउपालिका जनताको चासोको विषय हुनु,

खानेपानी विभिन्न सरकारी, निजि तथा गैससहरुको सहकार्य हुनु, एक घर धारा र एक चर्पीको राष्ट्रिय नीति कार्यान्वयनमा रहनु, सरसफाई सम्वन्धि चेतना अभिवृद्धि हुनु, पूर्ण सरसफाई उन्मुख हुनु आदी यसका अवसर हुन ।

उल्लेख गरिएका चुनौती र अवसरलाई ध्यानमा राखेर यस गुरुयोजनाको निर्माण गरिएको छ । स्थानिय सरकार तथा निकायका सरोकारवालाहरुको सहकार्यले स्वच्छता तथा खानेपानीको पुर्वाधार विकाशको दिशानिर्देशमा टेवा पुगेको छ । यहाँका जनमानसमा बढ्दो खानेपानी तथा सरसफाई प्रतिको सकारात्मक सोचका कारण यो गुरुयोजना सजिलै लागु गर्ने कुरा प्रति विश्वस्त छौँ । तथापी, केही भुकम्पिय क्षती, भौगोलिक विकटता तथा बजेटको अभाव लगायत चुनौती भएता पनि तिनलाई आत्मसाथ गरी पुर्वाधार विकाशमा न्यून असर पर्ने तवरले यो गुरुयोजना अघि बढेको छ ।

# ६. सरोकारवालको भूमिका

गाउँपालिकामा खानेपानी, सरसफाई तथा स्वच्छताको पुर्वाधार विकासका लागी वहुल सरोकारवालको भूमिका तथा जिम्मेवारी रहेको हुन्छ । केही सरोकारवाला संस्था तथा अगुवाह् गर्ने व्यक्तिहरुको जिम्मेवारी तालिका नं १९ मा दिइएको छ ।

*तालिका नं १९: सरोकारवालको भूमिका*

| क्र.म | सरोकारवालाहरु | कार्यक्षेत्र |
|---|---|---|
| १ | व्यक्ति | - चर्पीको समुचित प्रयोग, सरसफाइ, मर्मत सम्भार, व्यक्तिगत सरसफाइ गर्ने<br>- स्वस्थकर बानी व्यवहार अवलम्बन गर्ने<br>- घर आगँनको सरसफाइ गर्ने<br>- सरसफाइ प्रति सचेत नागरिकको रुपमा सार्वजनिक दायित्व निर्वाह गर्ने |
| २. | घरपरिवार | - चर्पीको निर्माण, समुचित प्रयोग, सरसफाइर मर्मत सम्भार गर्ने<br>- सरससफाइ सम्बन्धी समाजिकीकरण गर्ने<br>- घर आगँन र वरिपरीको सरसफाइ र बगैचा व्यवस्थापन गर्ने<br>- स्वच्छकर बानी व्यवहार विकासका लागि परिवारका सदस्य र छिमेकीलाई अभिप्रेरणा गर्ने<br>- घरधुरीबाट निस्किने फोहोरमैलाको वर्गीकरण र समुचित व्यवस्थापना गर्ने |
| ३. | गाउँपालिका खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति | - रणनीतिक योजना तथा कार्ययोजना तर्जुमा गर्न सहयोग<br>- बजेट तथा मानव संसाधन, नेतृत्व, समन्वय र सूचना तथा अभिलेख व्यवस्थापन गर्ने<br>- कार्यावयन भएका नीति र कार्यक्रमको सही अनुगमन र सुपरिवेक्षण गर्ने<br>- पूर्ण सरसफाइ सम्बन्धी कार्ययोजना तर्जुमा तथा कार्यान्यवन गर्ने<br>- गाउँ टोल र वरिपरिको सरसफाइ कायम राख्ने |

| क्र.म | सरोकारवालाहरु | कार्यक्षेत्र |
|---|---|---|
| | | - खानेपानी मुहान संरक्षण, पानीको शुद्धिकरण र स्वच्छता कायम राख्ने |
| ४. | विद्यालय | - सरसफाइका विषयवस्तुलाई पाठ्यपुस्तकमा समावेश गर्ने<br>- पूर्ण सरसफाई सम्बन्धी कार्ययोजना तर्जुमा तथा कार्यान्यवन गर्न<br>- बाल–मैत्री, लैगिंक–मैत्री चर्पी, यूरिनल तथा खानेपानी सुविधा निर्माण, प्रयोग, सरसफाई तथा मर्मत सम्भार गर्ने<br>- विद्यालयको पानीको स्वच्छता र वरिपरिको सरसफाई कायम राख्ने तथा स्वच्छकर बानी व्यवहार विकासका लागि विद्यार्थी र समुदायलाई अभिप्रेरित गर्ने<br>- विद्यालयका अन्य निकायबाट फोहोरमैलाको वर्गीकरण र समुचित व्यवस्थापन गर्ने<br>- विपद्को समयमा खानेपानी, सरसफाई र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग प्राप्त गर्ने<br>- समुदाय तथा अध्ययनकर्ताहरुका लागि सरसफाई सिकाइ केन्द्रका रुपमा विकास हुनेसफा र स्वच्छ विद्यालय तथा कलेज प्रवर्द्धन गरी नमुनाको रुपमा प्रस्तुत हुने |
| ५. | उपभोक्ता समिति (खानेपानी तथा सरसफाई , वन व्यवस्थापन समिति) | - लक्षित समूह तथासंगठन समुदायलाई संगठित, सूसुचित र सक्रिय बनाएर नीति नियम, आचार संहिता तर्जुमा गर्ने र लागु गराउने<br>- अवस्था विश्लेषण, तथ्याक संकलन गर्न सहयोग पुर्‍याउने<br>- विपद्को समयमा खानेपानी, सरसफाई र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग पुर्‍याउने<br>- कार्यानवयन भएका नीति तथा कार्यक्रमको अनुगमन र सहजीकरण गर्ने |

| क्र.म | सरोकारवालाहरु | कार्यक्षेत्र |
|---|---|---|
| ६. | महिला स्वास्थ्य स्वयंसेविका र स्वास्थ्य कार्यकर्ता | - प्राविधिकज्ञान, सीपरस चेतना विस्तार तथा सामुदायिक सशक्तिकरणर सक्रियतामा वृद्धि गर्नका निम्ती अभिमुखीकरण र ट्रिगरिङ्ग गराउने<br>- अवस्था विश्लेषण, तथ्यांक संकलन विपद्को समयमा खानेपानी, सरसफाई र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग गर्ने<br>- महिला भएकै कारणले पिछडिएका महिला वर्गमा सचेतनामूलक कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने |
| ७. | अभिभावक, शिक्षक, विद्यालय व्यवस्थापन समिति | - स्वच्छताको विकासमा उपयोगी ज्ञान, सीप, अभ्यास र सचेतना विस्तार गर्ने<br>- विद्यार्थी, विद्यालय परिवार र समुदायको सशक्तिकरण र सक्रियता वृद्धि गर्नुका साथै अभिमुखीकरण र तालिम सञ्चालन गर्ने<br>- विपद्को समयमा खानेपानी, सरसफाई र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग पुऱ्याउने<br>- विद्यालय व्यवस्थापन समितिले भने सरसफाई तथा स्वच्छताको नारालाई मूलमन्त्र मानी सफा र स्वच्छ विद्यालय प्रवर्धन गरी नमुनाको रुपमा प्रस्तुत हुने |
| ८. | विद्यार्थी, बाल क्लब | - विद्यालय सेवा क्षेत्रभित्र सरसफाई क्यालेन्डर बनाई कार्यक्रम संचालन गर्ने<br>- सरसफाई का सुविधाहरु एवं कक्षा कोठा र वरिपरिको वातावरणीय सरसफाई गर्ने<br>- विद्यार्थी तथा बाल क्लबले अविभावकहरुलाई सरसफाई प्रवर्दन गर्न अभिप्रेरित गर्नुका साथै अनुगमन र सहजीकरण गर्न सहयोग पुऱ्याउने कार्यक्रम गर्ने |

| क्र.म | सरोकारवालाहरु | कार्यक्षेत्र |
|---|---|---|
| ९. | स्थानीय क्लव र समूह | - प्राविधिक ज्ञान, सीप र सचेतना विस्तार गर्ने, सामुदायिक सशक्तिकरण र सक्रियता वृद्धि तथा अभिमुखीकरण र ट्रिगरिङ्ग गर्ने<br>- अवस्था विश्लेषण, तथ्यांक संकलन, सचेतनामूलक कायक्रम संचालनमा सहजीकरण गर्ने<br>- विपद्को समयमा खानेपानी, सरसफाई र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग र अनुगमन र सहजीकरण गर्ने |
| १०. | सहकारी तथा अन्य वित्तीय संस्था | - सरसफाई सामग्री उत्पादन तथा बजारीकरणमा सहयोग गर्ने<br>- लगानी गर्ने सहुलियत व्याजदरमा ऋण प्रदान गर्ने |
| ११. | राजनीतिक दल | - राजनैतिक प्रतिवद्धताका साथ गाउँपालिकास्तरमा रहेका आफ्ना भातृ संगठनहरु र कार्यकर्ता परिचालन गरी स्रोतको खोजी तथा परिचालन गर्ने<br>- सरसफाई अभियानको अनुगमनमा सक्रिय सहभागिता जनाइ हौसला प्रदान गर्ने<br>- पार्टीको घोषणापत्र मार्फत खानेपानी र सरसफाई प्रवद्र्धनका लागि ठोस प्रतिवद्धता गर्ने कार्यलाई प्राथमिकता दिने<br>- गाउँपालिका भएको राजनीतिक संयन्त्रलाई परिचालन गर्ने |
| १२. | सरकारी, गैर सरकारी संस्था र निजी संघ संस्था | - लैंगिक, अशक्त र बाल–मैत्री चर्पी, यूरिनल तथा खानेपानी सुविधा निर्माण, प्रयोग तथा मर्मत सम्भार गर्न आवश्यक सहयोग गर्ने<br>- स्वच्छकर बानी व्यवहार विकासका लागि कर्मचारी र सेवा ग्राहीलाई अभिप्रेरणा गर्ने<br>- फोहोरमैलाको वर्गीकरण र समुचित व्यवस्थापन गर्ने<br>- विपद्को समयमा खानेपानी, सरसफाई र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग पुर्याउने |

| क्र.म | सरोकारवालाहरु | कार्यक्षेत्र |
|---|---|---|
| १३. | संचारकर्मी | - सन्देशमूलक सामग्रीहरुको प्रचारप्रसार गर्ने तथा अध्ययन अवलोकन र सफल कथाहरुको प्रचारप्रसार गरि चालु परियोजनाको अनुगमन गर्ने |
| १४. | निजी क्षेत्रका व्यवसायी आदि | - सरसफाई सामग्री उत्पादन तथा बजारी करणमा सहयोग र लगानी गर्ने<br>- दिसा लेदो ब्यवस्थापन (ODF) सम्बन्धी कार्यहरु तथा फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन गर्ने |

# ७. सर्वसुलभ खानेपानी र पूर्णसरसफाईका सूचकहरु

यो गुरुयोजना लागु भए पछीपूर्ण सरसफाई अभियान अन्तर्गत सफा र सवच्छ क्षेत्र एवं पूर्ण सरसफाई उन्मुख क्षेत्रको स्व-अनुगमन वा प्रमाणीकरणका लागी अनुगमन गर्दा निम्न लिखित सूचकहरुलाई आधार मानिने छ ।

**१. योजना तर्जुमा तथा व्यवस्थापन**

योजना तर्जुमा तथा व्यवस्थापनको अनुगमन र प्रमाणीकरणका लागि तलका सूचकहरुलाई मुख्य आधार मान्नु वान्छनीय हुनेछ ।

- समन्वय समिति सक्रिय रहेको,
- WASH Plan तर्जुमा भएको
- क्षमता विकासको लागि तालिमहरु सञ्चालन गरिएको

**२. चर्पीको समुचित प्रयोग**

चर्पीको समुचित प्रयोगको अनुगमन र प्रमाणीकरणका लागि तलका सूचकहरुलाई मुख्य आधार मान्नु वान्छनीय हुनेछ ।

- प्रत्येक घरधुरी, संघसंस्था र आवश्यकता अनुसार सार्वजनिक स्थानहरुमा चर्पी निमर्ण भइ प्रयोग भएको,
- साबुन पानी सहितको सुरक्षित, सफा चर्पी भएको,
- खुला ठाँउमा दिसा नभेटिएको,
- संघसंस्थाका र सार्वजनिक शौचालय प्रयोग कर्ता मैत्री भएको

**३. व्यक्ति सरसफाई**

व्यक्ति सरसफाईको अनुगमन र प्रमाणीकरणका लागि तलका सूचकहरुलाई मुख्य आधार मान्नु वान्छनीय हुनेछ ।

- प्रत्येक घरले उपयुक्त स्थानमा साबुन पानी सहितको हात धुने स्थान बनाएको,
- घर, विद्यालय संघसंस्था र सार्वजनिक शौचालयहरुमा साबुन पानीले हात धुने सुविधा (स्थान र साबुन पानी) भएको,

- घर, विद्यालय, स्वास्थ्थ संस्था, कार्यालयहरुमा साबुन पानीले हात धुने, महिलाको मासिक धर्म व्यवस्थापन लगायतका व्यक्तिगत सरसफाई सम्बन्धी ज्ञान र अभ्यास भएको,
- व्यक्तिगत सरसफाईमा ध्यान पुर्याएको (समुदायका सदस्य, विद्यालयका विद्यार्थी/ शिक्षक / कर्मचारी, होटेल र रेष्टुराका कर्मचारी/ व्यवस्थापक समेत)

**४. सुरक्षित पानीमा पहुँच तथा प्रयोग**

सुरक्षित पानीमा पहुँच तथा प्रयोगको अनुगमन र प्रमाणीकरणका लागि तलका सूचकहरुलाई मुख्य आधार मान्नु वान्छनीय हुनेछ ।

- आधारभूत स्तरको खानेपानीमा सबैको पहुँच भएको,
- खानेपानी प्रणालीबाट सुरक्षित खानेपानी उपलब्ध नभएको अवस्थामा घरायसी, विद्यालय, संघसंस्थामा पानी शुद्धीकरणका कुनै एक विधिको प्रयोग गरेर मात्र पानी पिउने गरेको,
- घरायसी पानी शुद्धीकरण आवश्यक सामग्रीहरु स्थानीय बजारमा उपलब्ध भएको,

**५. सुरक्षित खानाको प्रयोग**

सुरक्षित खानाको प्रयोगको अनुगमन र प्रमाणीकरणका लागि तलका सूचकहरुलाई मुख्य आधार मान्नु वान्छनीय हुनेछ ।

- घरको भान्सा, होटेल, क्यान्टिन तथा रेस्टुरा सफा रहेको र बासी तथा सडेगलेको खाना नखाने/ नबेच्ने गरेको
- खाना पकाउने र खाने भाँडा सफा हुनुका साथै खानेकुरा र पिउने पानी छोपेर राखेको,
- फलफूल तथा खानेकुराहरु राम्रोसँग सफा गरेर एवं पकाएर, तताएर खाने, खुवाउने गरेको,
- सुरक्षित खानाको अनुगमनका लागि कार्यदल गठन गरी कम्तीमा चौमासिक रुपमा अनुगमन हुने गरेको

**६. घरायसी एवं संस्थागत सरसफाई**

घरायसी एवं संस्थागत सरसफाईको अनुगमन र प्रमाणीकरणका लागि तलका सूचकहरुलाई मुख्य आधार मान्नु वान्छनीय हुनेछ ।

- घर, विद्यालय, संघ संस्था भित्र तथा बाहिर सफा रहेको,
- विद्यालय, संघसंस्था र सार्वजनिक शौचालयहरुमा मासिक धर्म/महिनावारी प्रयोग गरिएका स्यानीटरी प्याड वा अन्य साधनहरुको सफाइ एवं विसर्जन गर्ने वैज्ञानिक व्यवस्था भएको,
- घर आँगन एवं विद्यालय, संघसंस्थाबाट निस्कने फोहोरलाई वर्गीकरण गरी कुहिने र न कुहिने फोहोरको समुचित व्यवस्थापन गरेको । घर एवं विद्यालय, संघसंस्थाबाट निस्कने फोहोरपानीको सुरक्षित निस्कासन भएको
- अस्पताल, उद्योग, कलकारखानाबाट निस्केको फोहोरको सुरक्षित संकलन, निस्कासन तथा विसर्जन सोही संस्थाले गर्ने गरेको,
- उपयुक्त तरिकाले पशुपंक्षीको गोठ तथा खोर र मलमूत्र व्यवस्थापन गर्ने गरेको,
- भान्सा कोठामा हावा ओहोरदोहोर हुने उचित व्यवस्था तथा धुँवा रहित चुल्होको प्रयोग भएको

## ७. वातावरणीय सरसफाई

वातावरणीय सरसफाईको अनुगमन र प्रमाणीकरणका लागि तलका सूचकहरुलाई मुख्य आधार मान्नु वान्छनीय हुनेछ ।

- गाँउ, टोल, नगर एवं सडक, चौतारा आदि सार्वजनिक स्थानहरुको सरसफाईको लागि सरसफाई समिति गठन भएको, घरायसी एवं संस्थागत तहमा ठोस तथा तरल फोहोर (मानव मलमुत्र बाहेक) व्यवस्थापनको
- आवश्यकता अनुसार उपयुक्त प्रविधिको प्रयोग भएको (पक्की वाटरशील चर्पी र व्यवस्थित सेप्टीक)
- मानव मलमुत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टीक ट्यांकीमा जोडिएको पक्की वाटरशील चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको,
- गाँउ वा वडाउन्मुख क्षेत्रबाट निस्कने फोहोरमैला (ठोस तथा तरल) को उचित व्यवस्थापन भएको,
- गाँउ वा वडाउन्मुख क्षेत्रमा ठोस फोहोरमलाको व्यवस्थापनको लागि स्यानिटरी ल्याण्डफिल साइटको पहिचान गरी निर्माणका योजना तर्जुमा भएको,

- व्यवस्थित ढल प्रणाली (मानव मल मुत्रीय फोहोरको व्यवस्थापन वा वैज्ञानिक फोहोरपानी प्रशोधन प्रणाली ) को योजना तर्जुमा भएको

# ८. खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति

## ८.१ गाँउपालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समिति काम, कर्तव्य र अधिकार

क) धार्चे गाँउपालिकालाई पूर्ण सरसफाई बनाउन योजना तर्जुमा गर्ने ।

ख) खुल्ला दिसामुक्त क्षेत्र घोषणालाई दिगो बनाउदै पूर्ण सरसफाई सुनिश्चितता गर्ने ।

ग) धार्चे गाँउपालिका क्षेत्रभित्र रहेका स्वास्थ्थ, र फोहोरमैला व्यवस्थापन क्षेत्रमा काम गर्ने संघ संस्थाहरु बीच समन्वय गर्ने ।

घ) स्वास्थ्थ, सरसफाई र फोहोरमैला व्यवस्थापनका क्षेत्रमा काम गर्ने संघ संस्थाहरुको श्रोत र साघनलाई एकीकृत परिचालन गर्ने व्यवस्था मिलाउने ।

ङ) पूर्ण सरसफाई र स्वच्छता सम्बन्धी बानी व्यवहार विकास गर्न अभियान संचालन गर्ने ।

च) पूर्ण सरसफाई, फोहोरमैला व्यवस्थापनका लागि वडास्तरीय खानेपानी, सरसफाईतथा स्वच्छता समितिलाई आवश्यक सहयोग गर्ने व्यवस्था मिलाउने ।

छ) खानेपानी, सरसफाईतथा स्वच्छता कोषको व्यवस्थापन गर्ने ।

ज) खानेपानी, सरसफाईतथा स्वच्छता उपभोक्ता समितिको क्षमता विकास गरी खानेपानी महसुल निर्धाणमा गर्ने गराउने ।

## ८.२ वडास्तरी खानेपानी,सरसफाई तथा स्वच्छता व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

क) वडालाई खुला दिसामुक्त क्षेत्र पश्चातका योजना बनाउने र कार्यान्वियन गर्ने ।

ख) वडालाई खुला दिसामुक्त क्षेत्र घोषणालाई दिगो बनाउनदै पूर्ण सरसफाई सुनिश्चितता कायम गर्ने ।

ग) वडामा गठन भएका टोल विकास संस्थालाई वडाको खुला दिसामुक्त र पूर्ण सरसफाई अभियान परिचालन गर्ने ।

घ) वडाभित्र रहेका स्वास्थ्थ, सरसफाई र फोहोरमैला व्यवस्थापनका क्षेत्रमा काम गर्ने संघ संस्थाहरु बीच समन्वय गर्ने ।

ङ) वडास्तरमा स्वास्थ्थ, सरसफाई र फोहोरमैला व्यवस्थापनका क्षेत्रमा काम गर्ने संस्थाहरुको श्रोत र साधनलाई एकीकृत परिचालन मिलाउने ।

च) वडास्तरमा पूर्ण सरसफाई र स्वच्छता सम्बन्धी बानी व्यवहार विकास गर्न क्रियाकलाप संचालन गर्ने ।

छ) गाँउपालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समितिबाट प्राप्त निर्देशनहरु कार्यान्वयन र आवश्यक समन्वय गर्ने ।

## ८.३ खानेपानी, सरसफाई तथम स्वच्छता समन्वय समिति

मिती गठन भएको खानेपानी, सरसफाई तथा स्वच्छता समिति निम्नानुसार रहेको छ ।

*तालिका नं २० : समन्वय समितिको*

| पढ | नाम |
|---|---|
| गाउँपालिका अध्यक्ष | |
| प्रमुख प्रशाशकिय अधिकृत | |
| सुचना अधिकृत | |
| वडा अध्यक्ष | |
| स्वास्थ्य सुविधा प्रदायहरु | |
| गैर सरकारी वा समुदायमा आधारित संस्था प्रतिनिधि | |
| खानेपानी तथा सरसफाई सम्बन्धी उपभोक्ता प्रतिनिधि | |
| वन उपभोक्ता समिति प्रतिनिधि | |
| टोल सुधार समिति प्रतिनिधि | |
| महिला समूह प्रतिनिधि | |
| बाल क्लव प्रतिनिधि | |
| महिला स्वास्थ्य स्वयंसेविका प्रतिनिधि | |
| विद्यालय व्यवस्थापन समिति प्रतिनिधि | |
| कलेज व्यवस्थापन समिति प्रतिनिधि | |
| बैंक तथा बितिय संस्थाहरु प्रतिनिधि | |
| सुरक्षा निकाय प्रतिनिधि | |

## ९. प्रमुख सझाव

सररोकारवालाले तल दिइएका उल्लेखित क्रियाकलापहरुमा ध्यान दिन आवश्यक देखिन्छ :

- खानेपानी तथा सरसफाइका संरचनाहरु निर्माण गर्दा वातवरण, बाल, लैंगिक, अपाङ्गतार वृद्धमैत्री संरचनाहरुको निर्माणमा बिशेष जोड दिने ।
- सबै घरधुरी, संस्थागत निकाय, सार्वजनिक स्थानहरुमा (खानेपानी आयोजना निर्माण तथा पुर्नस्थापना र मर्मत सम्भार गरी ) आधारभूत स्तरको खानेपानीको पहुँच सुनिश्चित गर्ने ।
- सुरक्षित खानेपानीको सेवा सुनिश्चित गर्न घरायसी तथा संस्थागत तहमा पानी शुद्धीकरण बिधिहरु ( फिल्टर, सोडिस, उमाल्ने, क्लोरिनेशन वा अन्य ) को प्रवर्द्धन गर्ने ।
- खानेपानी योजनाको दीगोपना तथा पानीको गुणस्तरको सुनिश्चितताको लागि गाउँपालिकामा निर्मित सम्पूर्ण खानेपानी योजनाहरुमा पानी सुरक्षा योजना बनाई क्रमश: लागू गर्ने ।
- विद्यमान खानेपानी योजनाहरुको दीगोपनको लागि स्थानीय आवश्यकता अनुसार बिशेष व्यवस्था गर्नुपर्छ । पानी महशुल संकलन तथा मर्मत सम्भार कार्यलाई अद्यावधिक गर्नुपर्छ । आर्थिक तथा प्रशासनिक लगायत सम्पूर्ण विषय र निर्णय प्रक्रियाहरुमा अधिकतम पारदर्शिता र सबै सरोकारवालमाहरुको सक्रिय सहभागिता सुनिश्चित गर्ने ।
- जलवायु परिवर्तनका असरहरुलाई न्यूनीकरण गर्न र सामान्य अवस्थामै पनि थोरै पानी भए पुग्ने खालका प्रविधिहरुको तथा स्थानीय रुपमा सुहाउँदा कम लागतका उपयुक्त प्रविधिगत विकल्पहरु अपनाउन समेत जोड दिने ।
- सबै संस्थागत निकाय र आवश्यकता अनुसार सार्वजनिक स्थानमा शौचालयहरुको निर्माण गरी चर्पीमा सबैको पहुँच र साबुन पानी सहितको प्रयोगको सनिश्चित गर्ने ।
- सरसफाइ तथा स्वच्छता प्रवर्द्धन सम्बन्धी बानी व्यवहारमा परिवर्तन ल्याउन विद्यालय सरसफाइ कार्यक्रम, समुदायको अगुवाइमा पूर्ण सरसफाइ, समुदायको अगुवाइमा पूर्ण वानी व्यवहोरा परिवर्तन अभियानहरुलाई निरन्तरता दिईनेछ । यसका लागि समुदाय, स्थानीय समूह र विद्यालयलाई सशक्त तुल्याउने सहभागिता र उत्प्रेरणामूलक विधिहरु प्रयोग गर्ने ।
